# Chapter - Thirteen
# अध्याय तेह्र

# Divorce and Remarriage
# पारपाचुके र पुनः विवाह

सम्बन्ध बिच्छेद र पुनः विवाहको बिषय एउटा यस्तो बिषय हो जसको बिषयमा प्रायः गरेर साँचो ईसाईहरूको बीचमा बिबादहरू हुने गर्दछ । दुई आधारभूत प्रश्नहरू त्यस बिबादको आधारहरू हुन् : १. सम्बन्ध बिच्छेद परमेश्वरको दृष्टिमा सँधै ग्रहणयोग्य छ कि छैन ? धेरै संघ –संस्थाहरूका साथै स्वतन्त्र मण्डलीहरूको कुन कुरा ग्रहणयोग्य छ र कुन कुरा ग्रहणयोग्य छैन भन्ने सम्बन्धमा तिनीहरूको प्रशासनिक सिद्धान्तको आधारमा धर्मशास्त्रको आफ्नै व्याख्या हुन्छ । तिनीहरू आफ्ना तिनै व्याख्यालाई विश्वास गरेर तिनीहरूद्धारा नै जिउने भएकोले हामीले तिनीहरू सबैलाई आदर गर्नु पर्छ – यदि तिनीहरूले विश्वास गरेका कुराहरू परमेश्वरको लागि तिनीहरूले प्रेम गरेर प्रेरित गरिएका भए । यद्यपि, यदि तिनीहरू सबै १००% नै धर्मशास्त्रीय छन् भने यो निश्चय पनि उत्तम हुने थियो । चेला बनाउने सेवकले परमेश्वरले चाहनु भएको कुरादेखि बाहिर भएर शिक्षा दिन चाहदैनन् । नता परमेश्वरले मानिसहरूले लिएर हिँड्नको लागि जुन कुरा इच्छा गर्नु हुन्न त्यही कुरा नै लाद्न उसले चाहन्छ । मनमा त्यही लक्ष्य लिएर म यस विवादास्पद बिषयमा धर्मशास्त्रको व्याख्या गर्न अति राम्रो तरिकाले प्रयत्न गर्न लागिरहेको छु र तपाई यसमा सहमत हुनुहोस् वा असहमत हुनुहोस् भनेर तपाईलाई नै छोड्दछु ।

सम्बन्ध बिच्छेद आज संसारमा भएको एकदम अनियन्त्रित समस्या हो भन्ने कुराप्रति म पनि तपाई जस्तै बिचलित व्यक्ति बनेको छु भन्दै यस बिषयलाई अगि बढाउन चाहन्छु । अझै धेरै बिचलित बनाउने वास्तविक कुरा चाँहि धेरै ईसाई भनाउँदाहरूले र सेवकाइमा भएकाहरू समेतले पनि सम्बन्ध बिच्छेद गरिरहेका छन् । यो एकदम ठूलो बिछोड् हो । यसलाई अझै बढी हुन दिनुबाट रोक्नलाई हामीले सकेजति सारा कुराहरू गर्नु पर्दछ र सम्बन्ध बिच्छेदको समस्याको समाधान गर्ने उपाय चाँहि परमेश्वरको वचन प्रचार गर्नु र मानिसहरूलाई पश्चातापमा डोर्‍याउनु हो । जब दुईजना विवाहित दम्पतिहरूले बिशुद्ध रूपमा नयाँ गरी जन्मिएर दुवैजनाले खीष्टलाई पछ्याउँछन् तिनीहरूले कहिले पनि सम्बन्ध बिच्छेद गर्दैनन् । चेला बनाउने सेवकले यस सम्बन्धमा प्रभावकारी शिक्षा दिनको लागि आफ्नै वैवाहिक जीवनलाई बलियो बनाउनु पर्दछ भनी जानेर उसले गर्न सक्ने सारा प्रयत्न गर्न सक्छ ।

म यो कुरा पनि थप्दछु , कि मैले खुशीसाथ वैवाहिक जीवन बिताएको पच्चीस बर्ष भइसक्यो र त्योभन्दा अगि मैले कहिले विवाह गरेको थिइन । म सम्बन्ध बिच्छेदको बारेमा कहिले पनि कल्पना गर्न सक्तिन । त्यसैले मेरो आफ्नै खातिर सम्बन्ध बिच्छेद सम्बन्धी कठीन धर्मशास्त्रलाई हल्का बनाउने कुनै अभिप्राय मसित छैन । यद्यपि सम्बन्ध बिच्छेद गने मानिसहरूको लागि मसँग कड्ा सहानुभूति छ र म जान्दछु , कि म आफै जवान भएर मैले विवाह गरेको व्यक्तिसँग सम्बन्ध बिच्छेद गर्नको लागि परीक्षित हुन सजिलैसँग निर्णय गर्न सक्थें । अर्को शब्दमा भन्नु हो भने मैले सम्बन्ध बिच्छेदमा पनि अन्त गर्न सक्थें तर परमेश्वरको

अनुग्रहको कारणले मैले यो गरेको हुन्नथें । मेरो विचारमा मैले भन्दै गरेको कुरासँग धेरैजसो विवाहित मानिसहरू सम्बन्धित हुन सक्छन् , त्यसैले हामीले आफैलाई सम्बन्ध बिच्छेद गर्ने मानिसहरूलाई ढुङ्गा हान्नबाट रोक्नु पर्दछ । विवाहलाई नीच बनाउने सम्बन्ध बिच्छेद भएका मानिसहरूलाई दोषी ठहराउने, तिनीहरू कसरी टिक्न सक्छन् भनेर उपाय नै थाहा नभएका हामीहरू को हौं ? परमेश्वरले तिनीहरूलाई हामीहरूभन्दा धेरै बढी धर्मी ठान्न सक्नु हुन्छ, जब हामी त्यही अवस्थामा पर्छौं झन् छिटो सम्बन्ध बिच्छेद गर्न सक्छौं भन्ने उहाँ जान्नु हुन्छ ।

विवाह गर्ने कसैले पनि अन्तमा सम्बन्ध बिच्छेद गर्छु भनी आशा गरेको हुँदैन, सम्बन्ध बिच्छेदबाट गुज्रिएर जानेहरूलेभन्दा बढी कसैले पनि यसलाई घृणा गर्छ जस्तो मलाई लाग्दैन । त्यसैले हामी विवाहित मानिसहरूलाई वैवाहिक भएरै रहिरहनको लागि सहायता गर्नु पर्छ र सम्बन्ध बिच्छेद भएका मानिसहरूलाई परमेश्वरले दिइरहनुभएको अनुग्रह पाउनको लागि सहायता गर्नु पर्छ । मैले लेखेको कुरा पनि त्यही मनसायले नै हो ।

धर्मशास्त्रका पदहरूलाई व्याख्या गर्नको लागि धर्मशास्त्रलाई नै अनुमति दिने म प्रयत्न गर्नेछु । यस बिषयमा भएका पदहरूले प्रायः गरेर धर्मशास्त्रका अरु पदहरूसँग बाझ्दै व्याख्या भएको मैले थाहा गरेको छु , जसले निश्चित रूपमा यो देखाउँछ, कि ती पदहरू कुनै अर्थमा कुनै भागमा नबुझिएका मात्र हुन् ।

## A Foundation
## एउटा जग

अब हामी एउटा आधारभूत सत्यताका साथ सुरु गरौं, जससँग हामी सबैजना सहमत हुन सक्छौं । अतिनै आधारभुत रूपले सामान्यतया परमेश्वर सम्बन्ध बिच्छेदको बिरुद्धमा हुनु हुन्छ भन्ने कुरा धर्मशास्त्रले निश्चित रूपमा भन्दछ । केही इस्राएली मानिसहरूले तिनीहरूका श्रीमतिहरूसँग सम्बन्ध बिच्छेद गरिरहेको समयमा उहाँले आफ्नो अगमवक्ता मलाकीद्धारा यस्तो घोषणा गर्नु भयो :

"सम्बन्ध बिच्छेदको कुरालाई म घृणा गर्दछु ............. जसले आफूलाई आफ्नो वस्त्रले झैं खराब कुराले ढाक्दछ, त्यसलाई पनि म घृणा गर्छु ......... त्यसैले आफूलाई आत्मामा रक्षा गर र विश्वास भङ्ग नगर" (मलाकी २:१६) ।

प्रेम गर्ने सम्बन्धमा यो परमेश्वरको गुण हो भनेर जान्ने जोसुकैलाई यस कुराले छक्क पार्दैन वा सम्बन्ध बिच्छेदले पति–पत्नी र छोरा–छोरीहरूलाई कसरी हानी पुर्‍याउँदछ भनेर थाहा हुने जो सुकैलाई पनि यसले छक्क पार्दैन । सामान्य रूपमा सम्बन्ध बिच्छेद सम्बन्धी दया गरिएको जोसुकैको नैतिक चरित्रमा हामीले प्रश्न गर्नु पर्दछ । परमेश्वर प्रेम हुनु हुन्छ (१ यूहन्ना ४:८), र त्यसैले उहाँले सम्बन्ध बिच्छेदलाई घृणा गर्नु हुन्छ ।

केही फरिसीहरूले प्रभु येशूसँग "कुनै कारणको लागि" सम्बन्ध बिच्छेदको व्यवस्था सम्बन्धी एकपल्ट प्रश्न सोधेका थिए । उहाँको जवाबले सम्बन्ध बिच्छेद सम्बन्धी उहाँको आधार भूत असहमतिलाई प्रकट गर्दछ । वास्तवमा सम्बन्ध बिच्छेद होस् भनी कसैको लागि पनि उहाँको मनसाय कहिले भएन :

"अनि फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँसँग सोधे, 'के कसैले कुनै कारण स्वास्नीसँग सम्बन्ध बिच्छेद गर्नु उचित छ ?' अनि उहाँले जवाब दिएर भन्नु भयो, 'के

तिमीहरूले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी गरी बनाउनु भयो, र भन्नु भयो, यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड्‌र आफ्नी स्वास्नीसँग मिलिरहन्छ र ती दुईजना एउटै शरीर हुनेछन् ?' परिणामस्वरूप यी अब दुई होइनन् तर एउटै शरीर हुन्छन् । यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नु भएको छ, त्यसलाई कुनै मानिसले नछुट्याओस्" (मत्ती १९: ३–६) ।

ऐतिहासिक रूपमा प्रभु येशूको समयमा यहूदी धर्मगुरुहरूको बीचमा दुईवटा बिचारधाराहरू थिए भन्ने हामीलाई थाहा छ । हामी ती बिचारधाराहरूलाई पछिबाट बिस्तृत रूपमा व्याख्या गर्नेछौं, तर अहिले यति मात्रै भन्न पर्याप्त हुन्छ, कि एउटा बिचारधारा परम्परावादी थियो भने अर्को चाँहि उदारवादी थियो । अति गम्भीर रूपमा नैतिक कारणको लागि मात्रै मानिसलाई आफ्नी स्वास्नीसँग सम्बन्ध बिच्छेद गर्ने अनुमति छ भनी परम्परावादी बिचारधारा राख्नेहरूले विश्वास गर्दथे । उदारवादीहरूले चाँहि जेसुकै कारण देखाएर कुनै स्त्रीलाई लोभलाग्दो पाए भने पनि आफ्नी स्वास्नीसित सम्बन्ध बिच्छेद गर्न सकिन्छ भनेर विश्वास गर्दथे । यी नै एक–अर्कामा बाझ्ने बिचारधाराहरूको आधारमा फरिसीहरूले प्रभु येशूसँग प्रश्न सोधेका थिए ।

प्रभु येशूले उत्पत्तिको पुस्तकको सुरुका पृष्ठहरूबाट धर्मशास्त्रका पदहरूलाई उदृत गरी दिनु भयो, जसले स्त्री र पूरुष दुवैलाई अस्थाई रूपमा नभएर स्थाई रूपमा जोड्‌नको लागि थियो भनेर परमेश्वरको मौलिक योजनालाई प्रस्तुत गरी दियो । परमेश्वरले मनमा विवाहलाई केन्द्रित गरेर दुई लिङ्ग बनाउनु भयो भनेर मोशाले घोषणा गरी दिए र त्यो विवाह यस्तो बिशेष सम्बन्ध हो जुन प्राथमिक सम्बन्ध हुन जान्छ । यो एकपटक स्थापित भई सकेपछि यसले आफ्ना बाबु आमाहरूसँगको सम्बन्धभन्दा पनि उच्चको सम्बन्धमा तिनीहरूलाई पुऱ्याई दिन्छ । मानिसहरूले आफ्ना स्वास्नीहरूसँग मिलिरहनको लागि आफ्ना बाबु–आमालाई छोड्‌दछन् ।

यसको अतिरिक्त मानिस र उसकी स्वास्नीको बीच हुने यौन एकताले परमेश्वरले तिनीहरूलाई एक हुनको लागि नियुक्त गर्नु भएको कुरालाई देखाउँछ । यस्तो प्रकारको सम्बन्ध जसले सन्तान जन्माउने परिणाम ल्याउँछ त्यो अस्थाई होइन तर स्थाई होस् भन्ने परमेश्वरको मनसाय हो भन्ने कुरा स्पष्ट छ । प्रभु येशूले फरिसीहरूलाई दिनु भएको जवाबले उहाँको निराशालाई झल्काएको हो, कि भनेर मलाई शंका लाग्छ, कि यस्तो प्रकारको प्रश्न किन सोधियो । मानिसहरूले "कुनै कारण" ले आफ्ना स्वास्नीहरूसँग सम्बन्ध बिच्छेद गरुन भन्ने निश्चय पनि परमेश्वरको मनसाय थिएन ।

वास्तवमा कुनै पनि प्रकारले कसैले पाप गरोस् भन्ने परमेश्वरको मनसाय थिएन, तर हामी सबैले पाप गरेकाछौं । दया गरेर परमेश्वरले हामीलाई पापको दासत्वबाट छुटकारा गर्ने प्रबन्ध गरी दिनु भयो । यसको अतिरिक्त हामीले उहाँले नचाहनु भएको कुरा गरिसकेपछि हामीलाई उहाँले भन्नको लागि केही कुरा उहाँसँग छ । त्यसै गरेर कसैले पनि सम्बन्ध बिच्छेद गरेको होस् भनेर परमेश्वरले कहिले पनि इच्छा गर्नु भएन तर सम्बन्ध बिच्छेद मानिसहरूको बीचमा परमेश्वरप्रति समर्पित नभएको अपरिहार्य कुरा थियो । पहिलो सम्बन्ध बिच्छेदमा वा त्यस्तै सम्बन्ध बिच्छेदको लाखौं परिणामहरूमा परमेश्वर छक्क पर्नु भएको थिएन अनि त्यसैले गर्दा उहाँले सम्बन्ध बिच्छेदलाई घृणा मात्र गर्नु भएन तर मानिसहरूले सम्बन्ध बिच्छेद गरिसकेपछि तिनीहरूलाई भन्नको लागि उहाँसँग केही कुरा छ भनेर पनि उहाँले घोषणा गर्नु हुन्छ ।

# In the Beginning
# प्रारम्भमा

यसैको आधारमा परमेश्वरले सम्बन्ध बिच्छेद र पुनः विवाहको बारेमा के भन्नुभएको छ भनी हामी बिशेष रूपमा बर्णन गर्न सुरु गर्नसक्छौं । सम्बन्ध बिच्छेद र पुनः विवाहको बारेमा अतिनै विवादास्पद भनाइहरू प्रभु येशूले इस्राएलीहरूलाई भन्नुभएको कुराहरू भएकोले गर्दा, त्यही बिषयमा सैंयौं बर्ष अगाडि् परमेश्वरले पहिलेका इस्राएलीहरूलाई के भन्नुभएको थियो भनी अध्ययन गर्नाले हामीलाई सहायता पुग्नेछ । यदि हामीले परमेश्वरले मोशाद्धारा र प्रभु येशूद्धारा भन्नुभएको कुराहरू एक–आपसमा बाझेको पायौं भने, हामी यो कुरामा निश्चित हुन सक्छौं, कि चाँहि परमेश्वरका व्यवस्था परिवर्तन भएको छ वा मोशा वा प्रभु येशूद्धारा पर मेश्वरले भन्नुभएको कुरालाई हामीले गलत अर्थ लगाएकाछौं । त्यसैले अब हामी पहिले परमेश्वरले सम्बन्ध बिच्छेद र पुनः विवाह सम्बन्धमा के कुरा प्रकट गर्नुभयो भनी हेरौं ।

प्रभु येशूअनुसार उत्पत्ति २ अध्यायको खण्डमा भएको कुरा मैले पहिलेबाट उल्लेख गरिदिएको छु , त्यो सम्बन्ध बिच्छेदको बिषयसँग केही मिल्दोजुल्दो छ । उत्पत्तिमा भएको विवर ण हामी यो समय सीधै पढनेछौं :

"अब जुन करङ्ग परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो अनि मानिसले भने, 'यो त मेरै हाड्को हाड् र मासुको मासु हो ; तिनलाई स्त्री भनिनेछ, किनभने तिनी पूरुषबाट निकालिएकी थिइन् ।" यसैकारण मानिसले आफ्ना बाबु–आमालाई छोड्र आफ्नी स्वास्नीसँग मिलिरहन्छ र तिनीहरू एउटै शरीर हुन्छन्" (उत्पत्ति २:२२–२४) ।

त्यसो त यहाँ विवाहको सुरुवात भएको छ । परमेश्वरले पहिलो मानिसको लागि उसैबाट पहिलो स्त्री बनाइदिनुभयो र व्यक्तिगत तवरले त्यसलाई उकहाँ ल्याइदिनुभयो । प्रभु येशूका वचनहरूमा, "परमेश्वरले (तिनीहरू) दुवैलाई एकसाथ जोड्नुभयो" ............. (मत्ती १९:६) । यो परमेश्वरले नियुक्त गरी दिनुभएको विवाहले विवाहको सारा परिणामको लागि नमूना प्रस्तुत गरी दिएको छ । परमेश्वरले पूरुषहरूकै गन्तीमा स्त्रीहरू पनि बनाइदिनुहुन्छ र तिनीहरूले सृष्टि गर्नुहुन्छ, जसले गर्दा तिनीहरू बिपरीत लिङ्गीहरूसँग आकर्षित हुन्छन् । त्यसैले यसरी पनि भन्न सकिन्छ, कि परमेश्वरले अझै पनि ठूलो नापमा विवाहको तय गरी दिनुहुन्छ (यद्यपि आदम र हवाको लागि परमेश्वरले जोड्ी बाँधी दिनुभएकोभन्दा पनि बढी हरेक व्यक्तिको लागि उहाँले धेरैलाई भविष्य सापेक्ष हुने गरी जोड्ी बाँधिदिनुहुन्छ) । त्यसैकारण प्रभु येशूले परमेश्वरले जोडनुभएकोलाई कसैले नछुट्याओस् भनेर भन्नुभयो । लोग्ने र स्वास्नी मौलिक रूपमा अलग–अलग भएर जिउन् भन्ने परमेश्वरको मनसाय थिएन, तर तिनीहरूले एक–अर्कालाई भरोसा गरेर सँगसँगै जिउने कुरामा आशिष पाउन् भन्ने उहाँको इच्छा थियो । परमेश्वरको स्पष्ट रूपमा प्रकट भएको इच्छालाई उलङ्घन गर्ने कुराले पापलाई स्थापित गर्दछ । यसरी बाइबलको दोस्रो अध्यायले कुनै पनि विवाहको लागि सम्बन्ध बिच्छेद परमेश्वरको मनसाय थिएन भन्ने तथ्य बताएको छ ।

# God's Law Written In Hearts

# परमेश्वरको व्यवस्था हृदयमा लेखिएको छ

जसले उत्पत्तिको दोस्रो अध्यायलाई कहिले पनि पढेको छैन, तिनीहरूले पनि सम्बन्ध बिच्छेद गलत हो भनी जानेका हुँदैनन्, जब कि धेरै मूर्तिपूजक संस्कृतिहरूमा जीवनभरिको लागि विवाहको बेला करार गर्ने अभ्यास त गरिन्छ तर मानिसहरूलाई त्यहाँ बाइबलिय ज्ञान नै हुँदैन । जसरी पावलले रोमीहरूलाई आफ्नो पत्रमा लेखेकाछन् :

"किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वभावैले व्यवस्थाअनुसारको काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्नो निम्ति आफै व्यवस्था हुन्छन् , व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन् र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ र तिनीहरूका विचारले कहिले तिनीहरूलाई दोस्याउँछन् र कहिले समर्थन गर्छन् (रोमी २:१४,१५) ।

परमेश्वरको नैतिक व्यवस्था हरेक मानव हृदयमा लेखिएको हुन्छ । वास्तवमा त्यो विवेकद्धारा बोल्ने नैतिक व्यवस्था नै परमेश्वरले हरेक जुन सुकै मानिसलाई दिनुभएको इस्राएली मानिसहरूदेखि बाहेक, आदमदेखि प्रभु येशूको समयसम्मका सबैलाई दिनुभएको व्यवस्था हो । सम्बन्ध बिच्छेदलाई घृणा गर्ने समेत जोसुकैले पनि आफ्नो विवेकको सामना गर्नुपर्दछ भन्ने कुरो पाउँदछ अनि उसले आफ्नो विवेकमाथि विजय गर्नलाई सम्बन्ध बिच्छेद सम्बन्धी केही राम्रो समर्थन पाउनुपर्दछ । यदि उसले कुनै राम्रो समर्थनबिना सम्बन्ध बिच्छेदलाई बढावा दिन्छ भने उसको विवेकले उसलाई त्यो कुरालाई उसले दमन गरे तापनि दोषी ठहराउनेछ ।

हामीलाई थाहा भएअनुसार आदमदेखि करीब १४०० खीष्टपूर्वतिर इस्राएललाई मोशाको व्यवस्था नदिउन्जेलसम्म सम्बन्ध बिच्छेद र पुनः विवाहको सम्बन्धमा इस्राएलीहरू समेत सबैलाई परमेश्वरले विवेकको व्यवस्थाको प्रकाश दिनुभएको थियो ; परमेश्वरले त्यति नै पर्याप्त हुन्छ भन्ने विचार गर्नुभयो (मोशाले प्रस्थानको समय नआउन्जेलसम्म उत्पत्ति २ अध्यायलाई लेखेका थिएनन् भनी सम्झनुहोस्) । मोशालाई व्यवस्था दिनुभन्दा अगाड्िका ती सताईस पुस्ताहरू जसमा नोआको जलप्रलय समेत पर्दछ, तिनीहरूका लाखौं विवाहहरू ती सयौं बर्षहरूभरिमा सम्बन्ध बिच्छेदमा टुङ्गिएका थिए भनेर सोच्नु निश्चय पनि उचित देखिन्छ । निष्कर्षमा आउनको लागि यो पनि उचित देखिन्छ, कि अपरिवर्तनिय परमेश्वरले आफ्ना पापहरू स्वीकार गरेर पश्चाताप गर्नेहरूलाई तिनीहरूका सम्बन्ध बिच्छेद गरेको दोषबाट क्षमा गर्ने इच्छा गरिरहनुभएको थियो । अब्राहामले विश्वासद्धारा उद्धार पाए झैँ, मोशाको व्यवस्थाभन्दा अगाडि् मनिसहरूले निश्चय पनि उद्धार पाउन सक्थे अर्थात परमेश्वरद्वारा तिनीहरू धर्मी ठहरिन सक्थे (रोमी ४:१–१२) । यदि मानिसहरू आदमको समयदेखि मोशाको समय नआउन्जेलसम्म तिनीहरूको विश्वासद्धारा धर्मी ठहरिन्थे भने, तिनीहरूका जुन सुकै पापहरू तथा सम्बन्ध बिच्छेदका पापहरू समेत क्षमा हुनसक्थे । यसरी हामीले सम्बन्ध बिच्छेद र पुनः विवाहको बिषयलाई परीक्षण गर्नलाई सुरु गर्दा, मलाई शकां लाग्छ : "मोशाको व्यवस्था अगि सम्बन्ध बिच्छेदको पापमा परेका मानिसहरू र परमेश्वरबाट क्षमा पाएका मानिसहरूले यदि पुनः विवाह गरेर दोषी भए भने के तिनीहरूको विवेकले दोषी ठहराउँछ - किनकि त्यहाँ लिखित व्यवस्था थिएन) ? म प्रश्न मात्र उठाउँछु ।

पापै नगरेको सम्बन्ध बिच्छेदमा पिड्ति भएकाहरूको बारेमा के भन्ने त, जसले आफ्नै गल्तीद्धारा आफूले चाहेर सम्बन्ध बिच्छेद गरेको होइन, तर स्वार्थी सम्पतिको कारणले गरेका हुन् ? के तिनीहरूको विवेकले तिनीहरूलाई पुन : विवाह गर्नुबाट बञ्चित गरेको छ ? त्यस्तो

हुँदैन जस्तो मलाई लाग्छ । यदि एउटा मानिसले अर्कै स्त्रीको लागि आफ्नी स्वास्नीलाई त्याग्छ भने त्यो त्यागिएकीले चाँहि पुनः विवाह गर्ने अधिकार छैन भने कुन कुराले निष्कर्षतिर डो न्याउँछ ? त्यसको आफ्नै गल्तीले गर्दा सम्बन्ध बिच्छेद गरिएको छ होइन नी !

## The Law of Moses
## मोशाको व्यवस्था

बिशेष गरेर सम्बन्ध बिच्छेद र पुनः विवाहको बारेमा उल्लेख गरिएको कुरा हामी बाइबलको तेस्रो पुस्तकमा आई नपुगुन्जेलसम्म पाउँदैनौ । मोशाको व्यवस्थाभित्र सुचित गरिएको कुरा पुजाहारीहरूले सम्बन्ध बिच्छेद भएका स्त्रीहरूलाई विवाह गर्ने कुराको बिरुद्धमा थियो :

"तिनीहरूले कुनै बेश्या वा बिग्रेकी स्त्री अथवा लोग्नेले त्यागेकी स्त्रीलाई नल्याउन् , किनभने पुजाहारीहरू आफ्ना परमेश्वरको निम्ति पवित्र छन्" (लेवी २१:७) ।

अब यहाँ मोशाको व्यवस्थाभित्र इस्राएलका मानिसहरूको सामान्य जनसंख्यालाई यस्तो प्रकारको निषेधाज्ञा गरिएको हो । यसको अतिरिक्त, भर्खरै उल्लेख गरिएको पद (१) त्यहाँ सम्बन्ध बिच्छेद गरिएका इस्राएली स्त्रीहरू थिए र (२) पुजाहारी नभएका इस्राएली पुरुषहरूले पहिले नै विवाह भएका स्त्रीहरूलाई विवाह गर्नु कुनै पनि गल्ती हुँदैन भन्ने कुरामा लागु हुन्छ । माथि उल्लेख गरिएका व्यवस्थाका पुजाहारीहरू र पुजाहारीहरूसँग विवाह गर्न चाहने स्त्रीहरूको लागि लागु हुन्छ । मोशाको व्यवस्थामा सम्बन्ध बिच्छेद भएकी स्त्रीले पुजाहारीहरूसँग विवाह नगरी अरुनै व्यक्तिसँग पुनः विवाह गर्नु कुनै गल्ती हुँदैन थियो । पुजाहारीदेखि बाहेक जुनसुकै मानिसले सम्बन्ध बिच्छेद भएकी स्त्रीसँग विवाह गर्नु कुनै गल्ती हुँदैन थियो ।

प्रधान पुजाहारी (सायद खीष्टको सर्वोच्च प्रतिनिधिको रूपमा) अरु सामान्य पुजाहारीहरूभन्दा उच्च तहमा जिउनु पर्दथ्यो । उसलाई बिधवासित समेत विवाह गर्ने अनुमति दिइएको थिएन । हामी पछिबाट अरु केही पदहरू लेवीको पुस्तकमा पढ्दछौं :

"त्यसले बिधवा वा विवाह बिच्छेद भएकी स्त्री, बिग्रेकी स्त्री वा बेश्यालाई नल्याओस् , तर आफ्नो कुलकै कन्या केटीलाई त्यसले विवाह गरोस्" (लेवी २१:१४) ।

के यस पदले जोसुकै वा सबै इस्राएली बिधवाहरूलाई पुनः विवाह गर्नु अथवा जोसुकै वा सबै इस्राएली पुरुषहरूलाई बिधवाहरूलाई विवाह गर्नु पाप हो भनेर प्रमाणित गर्दछ ? अँ हँ, निश्चय पनि गर्दैन । वास्तवमा यो पद कुनै पनि बिधवाले प्रधान पुजाहारी बाहेक अरु जोसुकै मानिससँग विवाह गर्न र प्रधान पुजाहारीले बाहेक अरु जोसुकै पुरुषले बिधवासँग विवाह गर्न पापपूर्ण होइन भन्ने कुरामा बलियो तवरले लागु हुन्छ । अरु धर्मशास्त्रका पदहरूले बिधवाहरूको पुनः विवाह सम्बन्धी पूर्ण बैधानिकतालाई निश्चित गर्दछन् (रोमी ७:२,३; १ तिमोथी ५:१४) ।

यो पद हामीले पहिले नै हेरिसकेको पद (लेवी २१:७) सँगै लागु हुन्छ, कि कुनै इस्राएली मानिसको लागि (पुजाहारी वा प्रधान पुजाहारीदेखि बाहेक अरु) सम्बन्ध बिच्छेद भएकी स्त्री वा "बिग्रेकी स्त्री वा बेश्या" जो कन्या होइनलाई, विवाह गर्नु कुनै गल्ती हुँदैन थियो । त्यस्तै गरेर यो पद मोशाको व्यवस्था अनुसार, पुजाहारीदेखि बाहेक अरुसँग सम्बन्ध बिच्छेद भएकी स्त्रीले वा बिग्रेएकी स्त्री अथवा बेश्याले पुनः विवाह वा विवाह गर्नु कुनै गल्ती हुँदैन थियो भनेर लागु

हुन्छ । परमेश्वरले ती दुवै बेश्याहरू र सम्बन्ध बिच्छेद भएकीहरूलाई अनुग्रहको साथ फेरि अर्को मौका दिनुभएको थियो, यद्यपि उहाँ बेश्याबृत्ति गर्ने र सम्बन्ध बिच्छेद गर्नेहरूको धेरै बिरोधी हुनु हुन्थ्यो ।

## A Second Specific Prohibition Against Remarriage
## पुनः विवाहको बिरुद्धमा दोस्रो बिशेष निषेधाज्ञा

सम्बन्ध बिच्छेद भएका स्त्रीहरूलाई परमेश्वरले कति धेरै "दोस्रो मौकाहरू" दिनु भयो ? मोशाको व्यवस्था अनुसार परमेश्वरले सम्बन्ध बिच्छेद भएका स्त्रीहरूलाई एउटा मात्र पुनः विवाह गर्नको लागि एउटै मात्र मौका दिनु भएको थियो भनेर हामी निष्कर्षमा आउने हो त ? त्यो निष्कर्ष गलत हुनेछ । हामी पछिबाट मोशाको व्यवस्थामा पढछौं । "आफ्नो विवाह गरेकी स्त्रीमा केही खोट पाएर त्यससँग असन्तुष्ट भई त्यसलाई त्यागपत्र लेखिदिएर कसैले आफ्नो घरबाट निकालिदियो भने, र यदि घर छोड्पछि त्यो अर्कै मानिसकी स्वास्नी भई र दोस्रो लोग्ने पनि असन्तुष्ट भई त्यसलाई त्याग पत्र लेखिदिएर घरबाट निकालिदियो भने वा आफै मऱ्यो भने त्यो अशुद्ध भएकी हुनाले त्यसलाई त्याग्ने पहिलो लोग्नेले फेरि त्यसलाई आफ्नो स्वास्नी तुल्याउन पाउनेछैन ; किनकि परमप्रभुको नजरमा यो एक घृणित काम हो र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिनु हुने देशमा पापको कलङ्क नल्याउन्" (व्यवस्था २४:१–४) ।

यी पदहरूमा दुईपल्ट सम्बन्ध बिच्छेद भएकी स्त्री (अर्थात एकपटक सम्बन्ध बिच्छेद भएकी र एकपटक बिधवा भैसकेकी स्त्री) ले पहिलो लाग्नेसँग पुनः विवाह गर्ने बिरुद्धमा एकमात्र निषेधाज्ञा गरेको कुरालाई विचार गर्नुहोस् । त्यस स्त्रीले दोस्रोचोटि पुनः विवाह गरेको खण्डमा दोष पाउने बारेमा केही पनि भनिएको छैन र एकचोटि त्यसले सम्बन्ध बिच्छेद गरिसकेपछि (अर्थात त्यसको दोस्रो लोग्नेबाट बिधवा भइसकेपछि) दोस्रोपटक त्यो स्त्री आफ्नो पहिलो लोग्नेसँग फर्किएर जानलाई मात्रै त्यसलाई निषेधाज्ञा गरिएको थियो । स्पष्ट गरी लागु हुने कुरा चाँहि त्यो स्त्रीले अरु जोसुकैसँग पनि पुनः विवाह गर्न स्वतन्त्र हुन्थी (जसले त्यसमा मौका लिन चाहन्छ त्योसँग) । यदि कसैसँग त्यसलाई पुनः विवाह गर्नको लागि पाप हुन्थ्यो भने, परमेश्वरले त्यस प्रकारको बिशेष निर्देशन दिन उहाँलाई आवश्यक हुने थिएन । उहाँले भन्ने कुरा सबै यस्तो हुने थियो, "सम्बन्ध बिच्छेद भएका मानिसहरूलाई पुनः विवाह गर्न निषेध गरिएको छ" ।

यसको अतिरिक्त यदि परमेश्वरले यस स्त्रीलाई दोस्रोचोटि पुनः विवाह गर्न अनुमति दिनु भएको भए, त्यसको पहिलो सम्बन्ध बिच्छेदपछि त्यसलाई विवाह गर्ने मानिस भने दोषी हुन सक्ने थिएन । अनि यदि उसलाई तेस्रोचोटि विवाह गर्न अनुमति दिइएको भए पनि त्यो दोस्रोचोटि सम्बन्ध बिच्छेद भइसकेपछि विवाह गर्ने मानिसले पाप गरेको हुने थिएन (उ त्यसको पहिलो लोग्ने नभएसम्म) त्यसैले सम्बन्ध बिच्छेदलाई घृणा गर्ने परमेश्वरले सम्बन्ध बिच्छेद भएका मानिसहरूलाई प्रेम गर्नु भयो र उहाँले कृपापूर्ण भएर तिनीहरूलाई अर्को मौका दिनु भएको थियो ।

## A Summery

# साराशं

हामीले अहिलेसम्म के के कुरा पत्ता लगायौं सो मलाई संक्षिप्तमा भन्न दिनुहोस् : परमेश्वरले सम्बन्ध बिच्छेदलाई घृणा गर्नु भए तापनि उहाँले पूरानो करारभन्दा अगि र पूरानो करारकै समयमा पनि पुनः विवाह पाप हो भनेर कुनै चिन्ह दिनु भएन भन्ने कुरा यी दुईवटा अपवादका साथ भन्न सकिन्छ : (१) दुईपटकसम्म सम्बन्ध बिच्छेद भएकी अर्थात एकपल्ट सम्बन्ध बिच्छेद र एकपल्ट बिधवा भएकी स्त्रीलाई त्यसको पहिलो लोग्नेले पुनः विवाह गर्ने सम्बन्धमा र (२) सम्बन्ध बिच्छेद भएकी स्त्रीसँग पुजाहारीले गर्ने विवाहको सम्बन्धमा । यसको अतिरिक्त, पुजाहारीहरूदेखि बाहेक सम्बन्ध बिच्छेद भएको व्यक्तिसँग कुनै व्यक्तिले विवाह गर्नु पाप हो भन्ने कुनै पनि संकेत परमेश्वरले दिनु भएन ।

सम्बन्ध बिच्छेद भएका मानिसहरूले पुनः विवाह गर्ने र सम्बन्ध बिच्छेद भएका व्यक्तिहरूलाई विवाह गर्ने बारेमा प्रभु येशूले भन्नु भएको कुरासँग यो कुरा प्रत्यक्ष रूपमा बेमेल भएर खड्ा हुन्छ । त्यस्तो प्रकारका मानिसहरूले व्यभिचार गर्दछन् भनी प्रभु येशूले भन्नु भयो ( मत्ती ५:३२) । त्यसैले हामीले कि त प्रभु येशूलाई वा मोशालाई नबुझेका हौं वा परमेश्वरले नै आफ्नो व्यवस्थालाई परिवर्तन गर्नु भएको हो । मेरो शकां चाँहि यो हो, कि प्रभु येशूले सिकाउनुभएको कुरालाई हामीले गलत तरिकाले व्याख्या गरिरहेका हुन सक्छौं, किनभने परमेश्वरले इस्राएललाई दिनु भएको व्यवस्थाको अधीनमा पन्ध्र बर्षसम्म नैतिक रूपमा ग्र हणयोग्य कुरालाई नैतिक रूपमै पापमय कुरा हो भनेर अचानक भन्नु हुँदा अनौठो लाग्दछ ।

अझै पूर्ण रूपमा यो प्रत्यक्ष गरी अमिल्दो कुराको हामीले सामना गर्नुअगि पूरानो करारको अधीनमा भएको परमेश्वरले दिनुभएको पुनः विवाहको अनुमतिले कुनै पनि प्रतिबन्धहरू लगाएन जुनचाँहि कसैको सम्बन्ध बिच्छेदको लागि कारणहरूमा आधारीत थियो अर्थात सम्बन्ध बिच्छेदमा  दोषी हुने अवस्थामा नै आधारित थियो भन्ने कुरा म देखाउन सक्छु । परमेश्वरले त्यस्तो प्रकारको सम्बन्ध बिच्छेद भएका मािनसहरूलाई तिनीहरू पुनः विवाहको लागि अयोग्य थिए भनेर कहिले भन्नुभएन । किनभने तिनीहरूको सम्बन्ध बिच्छेद बैधानिक कारणहरूको लागि थिएन । उहाँले कहिले पनि केही मानिसहरू अद्धितिय प्रकारले पुनः विवाहको लागि तिनीहरूको बैधाीनक सम्बन्ध बिच्छेद भएको कारण योग्यका छैनन् भनेर भन्नुभएन । तरै पनि यस्तो प्रकारका न्यायहरू प्रायः गरेर आधुनिक सेवकहरूले एकातर्फको गवाहीको आधारमा गने गर्छन् । उदाहरणको लागि सम्बन्ध बिच्छेद भएकी एक स्त्रीले आफ्नो पाष्टरलाई विश्वास दिलाउने कोसिस गर्दै भन्छे, कि त्यो पुनः विवाहको लागि अनुमति प्राप्त गर्न योग्य भएकी छे । किनभने उ भर्खरै मात्र आफ्नो सम्बन्ध बिच्छेदको शिकार भएकी हो । त्यसको पहिलेको लोग्नेले त्यसलाई त्यागिदिएको छ – त्यसले उसलाई सम्बन्ध बिच्छेद गरेकी होइन । तर त्यो पाष्टरले त्यस स्त्रीको पहिलेको लोग्नेको तर्फबाट त्यो कहानी सुन्नलाई आफ्ना कानलाई मौका दिएको भए सायद उसले त्यस व्यक्तिप्रति केही सहानभुति प्रकट गर्ने थिए होलान् । सायद त्यो स्त्री घृणित थिई र त्यसले नै केही दोषहरू बाँड्चुँड गरी ।

म ती पति पत्नीलाई चिन्छु जोहरू दुवैजनाले सम्बन्ध बिच्छेदको लागि फाइल तयार गर्नलाई एकले अर्कालाई उत्तेजित पार्ने कोसिस गरिरहेका थिए, जसले गर्दा हरेकले सम्बन्ध बिच्छेदको लागि फाइल बनाउने कुराको दोषलाई इन्कार गर्न सक्थे । तिनीहरू दुवैजनाले तिनीहरूको सम्बन्ध बिच्छेदपछि फाइल बनाउने तिनीहरू होइन, तर तिनीहरूको आफ्नो दम्पतिलाई देखाएर एकले अर्कालाई दोष लगाउन सक्थे र यसरी तिनीहरूको आफ्नो दोस्रो

विवाह कानूनी हुन्थ्यो । हामीले मानिसहरूलाई मूर्ख बनाउन सक्छौं तर परमेश्वरलाई मूर्ख बनाउन सक्तैनौं । उदाहरणको लागि त्यो स्त्रीलाई उहाँले कसरी मुल्याङ्कन गर्नुहुन्छ जो आफ्नो लोग्नेसँग यौन कृयाबाट अलग भई र त्योप्रति त्यसको लोग्ने अविश्वासयोग्य भएको कारण त्यसले सम्बन्ध बिच्छेद गरी ? के त्यो कम्तिमा पनि सम्बन्ध बिच्छेदको एक भाग जवाफदेही हुनुपर्दैन ?

व्यवस्था २४ अध्यायमा हामीले भर्खरै दुईपल्टसम्म सम्बन्ध बिच्छेद भएकी स्त्रीको बारेमा पढेको कुराले त्यसका दुईवटा सम्बन्ध बिच्छेदको बैधानिक कुराको बारेमा केही पनि भनिएको छैन । त्यसको पहिलो लोग्नेले त्यसमा केही "खोट" पायो । यदि त्यो खोट "व्यभिचार सम्बन्धी थियो भने, मोशाको व्यवस्थाअनुसार त्यो ढुङ्गाले हानेर मारिनुपर्थ्यो, जसले व्यभिचारीहरूलाई ढुङ्गाले हानेर मार्नुपर्छ भनेर भन्दछ (लेवी २०:१०) । त्यसैले यदि व्यभिचार नै सम्बन्ध बिच्छेदको लागि बैधानिक कारण मात्र हो भने, सायद त्यसको पहिलो लोग्नेको त्यसलाई बिच्छेद गर्ने कारण हुने थिएन । अर्कोतर्फ सायद त्यसले व्यभिचार गनेकी थिई र मरियम–युसुफ झैँ धर्मी मानिस भएकोले उसले त्यसलाई "गुप्तमा नै त्याग्ने इच्छा" गऱ्यो होला ( मत्ती १: १९) । त्यहाँ धेरै सम्भावित कारणहरू थिए ।

त्यसको दोस्रो लोग्ने सामान्य रूपमा "त्यसको बिरुद्धमा फर्कियो" भनेर भन्न सकिन्छ । फेरि पनि एकचोटि कसले कसलाई दोष दियो वा तिनीहरू आफैले दोष बाँडचुँड गरे भनेर हामीलाई थाहा छैन । तर यसले कुनै भिन्नता चाँहि ल्याउँदैन । जोसुकैसँग पुनः विवाह गर्नको लागि त्यसलाई परमेश्वरले आफ्नो अनुग्रह दिनुभएको थियो, जसले दुईपल्टसम्म सम्बन्ध बिच्छेद भएकी स्त्रीलाई विवाह गर्ने मौका लिन्थ्यो, त्यो उसको पहिलो लोग्नेदेखि बाहेकको व्यक्ति हुनुपर्थ्यो ।

## An Objection
## एक आपत्ति

“तर यदि मानिसहरूलाई कुनै कारणले सम्बन्ध बिच्छेद गरिसकेपछि पुनः विवाह गर्नको लागि उचित हुन्छ भनिन्छ भने, त्यसले तिनीहरूलाई बैधानिक कारणहरू देखाएर सम्बन्ध बिच्छेद गर्नको लागि उत्साहित बनाउनेछ”, भनेर प्रायः दाबी गरिन्छ । केही धार्मिक मानिसहरूको सम्बन्धमा त्यो कुरा ठीकै हो भन्ने म ठान्छु , जोहरूले परमेश्वरलाई साँचो रूपमा खुशी पार्ने प्रयत्न गरिहेका हुँदैनन् , तर परमेश्वरमा समर्पित नहुने मानिसहरूलाई पाप गर्नु नराम्रो अभ्यास हो भनेर तिनीहरूले नियन्त्रण गर्ने प्रयत्न गर्दछन् । हृदयदेखि परमेश्वरमा साँचो रूपमा समर्पित हुने मानिसहरूले तथापि पाप गर्ने उपायहरू खोज्ने प्रयत्न गरिरहदैनन् । तिनीहरूले परमेश्वरलाई खुशी पार्ने प्रयत्न गरिरहेका हुन्छन् र त्यस्तो प्रकारका मानिसहरूको विवाह एकदम बलियो हुन्छ । यसको अतिरिक्त पुनः विवाहको उदारवादी व्यवस्थाको कारण बैधानिक व्यवस्थाको कारणहरू देखाएर सम्बन्ध बिच्छेद गर्ने पूरानो करारका मानिसहरूको बारेमा परमेश्वरले त्यति धेरै चाख लिनुभएको थिएन भन्ने कुरा स्पष्ट छ, किनभने उहाँले इस्राएललाई उदारवादी पुनः विवाहको व्यवस्था दिनुभएको थियो ।

परमेश्वरले मानिसहरूको जुन सुकै पाप क्षमा गर्ने इच्छा गरिरहनुभएको छ भन्ने कुरालाई के हामीले लत्याउने त ? यदि त्यसो हो भने तिनीहरूलाई उत्साह मिल्ने छ, किनभने परमेश्वर

को पाप क्षमाको अनुग्रह उपलब्ध छ भनी तिनीहरूले जान्नेछन् । किनभने तिनीहरूलाई क्षमा पर्याप्त मात्रामा छ भनेर थाहा छ ? यदि त्यसो हो भने हामीले सु–समाचार प्रचार गर्न रोक्नुपर्दछ । फेरि पनि यी सबै कुरा मानिसहरूको हृदयको अवस्थामा भर पर्दछ । जसहरूले पर मेश्वरलाई प्रेम गर्दछन् तिनीहरूले उहाँको आज्ञा पालन गर्न चाहन्छन् । मलाई थाहा छ यदि मैले जुन सुकै पाप गरे तापनि, मैले परमेश्वरसँग क्षमा माँगे भने, उहाँको क्षमादान मेरो निम्ति पर्याप्त हुनेछ । तर त्यसले मलाई पाप गर्न भने प्रेरित गर्दैन, किनभने म परमेश्वरलाई प्रेम गर्छु र म नयाँ गरी जन्मिएको व्यक्ति हुँ । म परमेश्वरको अनुग्रहद्धारा परिवर्तन भएको छु । म उहाँलाई नै खुशी पार्न चाहन्छु ।

मानिसहरूलाई विवाहिता नै रहिरहन प्रेरित गर्ने आशामा सम्बन्ध बिच्छेदको धेरै त्याग्न नसकिने नकारात्मक परिणामहरूमा अझै अर्को पनि एउटा नकारात्मक परिणाम थप्न आवश्यक छैन भनी परमेश्वर जान्नुहन्छ । समस्याले ग्रस्त भएका विवाहित मानिसहरूलाई सम्बन्ध बिच्छेद नगर्नु राम्रो हुन्छ । किनभने तिनीहरूलाई पुनः विवाह गर्न अनुमति कहिले दिइने छैन । भन्नुले विवाहित रहिरहनको लागि एकदम थोरै मात्रामा प्रेरणा मिल्दछ । यदि उसले तपाईलाई विश्वासै गर्छ भने पनि, दुःखदायी विवाहित जीवन र एक्लो जीवनलाई तुलना गरेर हेर्दा दुःखदायी भएर जिएको विवाहित व्यक्तिलाई एक्लै रहनु स्वर्ग झैँ हुनेछ ।

# Paul on Remarriage
# पुनः विवाहप्रति पावलको धारणा

पुनः विवाहको बारेमा मोशाको वचनहरूसँग प्रभु येशूले भन्नुभएका वचनहरूसँग मिलाउनको लागि समस्याको समाधान गर्नुअगि त्यहाँ अझै एकजना बाइबलको लेखक छन् जसले मोशाको कुराहरूलाई समर्थन गर्दछन् भन्ने कुरा पनि जान्न आवश्यक छ र उहाँको नाऊँ हो पावल प्रेरित । सम्बन्ध बिच्छेद भएकाहरूले पुनः विवाह गर्नु पाप होइन भनेर पावलले स्पष्टसँग लेखेकाछन् , र यो मोशाको व्यवस्थाले भनेको कुरासँग परिचित छ :

”अब कन्याहरूको बारेमा प्रभुको आज्ञा मसित केही छैन तर प्रभुको कृपाद्धारा एउटा विश्वासयोग्य व्यक्तिको हैसियतले म तिमीहरूलाई आफ्नो सल्लाह दिन्छु । वर्तमान स कष्टलाई हेर्दा जुन व्यक्ति जस्तो अवस्थामा छ त्यसैमा नै रहे असल होला भन्ने म ठान्छु । के तिमीले विवाह गरेकाछौ ? त्यसो भए आफ्नी पत्नीबाट छुट्न नखोज । के तिमी अविवाहित छौ ? त्यसो भए विवाह गर्न नखोज । तर तिमीले विवाह गऱ्यौ भने पनि त्यो पाप होइन । कन्या केटीले विवाह गर्दैमा त्यसले पाप गरेकी हुँदिन । तरै पनि विवाह गर्नेहरूले यस जीवनमा कष्टको सामना गर्नुपर्नेछ र म तिमीलाई यसदेखि जोगाउन चाहन्छु” (१ को० ७:२५–२८) ।

पावलले यी खण्डहरूमा सम्बन्ध बिच्छेद भएका मानिसहरूलाई भनिरहेकाछन् भन्ने कुरामा कुनै शका छैन । उसले विवाह गर्नेहरूलाई फेरि कहिले विवाह नगर र सम्बन्ध बिच्छेद भएकाहरूलाई अहिले तिनीहरू जुन अवस्थामा छन् त्यही अवस्थामा रहिरहनको लागि सल्लाह दिएकाछन् र त्यो समयमा खीष्टियनहरूले कष्टको सामना गर्नु परिरहेकोले गर्दा उसले त्यो सल्लाह दिएका थिए । जे भए तापनि, सम्बन्ध बिच्छेद भएका मानिसहरू साथै कन्या केटीहरूले विवाह गरे भने त्यो पाप होइन भनी पावलले स्पष्ट भनिदिए ।

सम्बन्ध बिच्छेद भएका व्यक्तिहरूको पुनः विवाहको व्यवस्था दिनको लागि पावल योग्य थिएनन् भन्ने कुरालाई याद गर्नुहोस् । यदि सम्बन्ध बिच्छेद भएको व्यक्तिले उसको पहिलेको सम्बन्ध बिच्छेदमा कुनै पनि दोष पाउँदैन भने पुनः विवाहको अनुमति दिइएको छ भनेर मात्रै उसले भनेनन् । (अनि कस्तो व्यक्ति परमेश्वरभन्दा अर्कै भएर यस्ता कुराको निसाफ गर्न योग्यको हुन्छ?) पुनः विवाह ती मानिसहरूको लागि मात्र अनुमति दिइएको छ जोहरूले मुक्ति पाउनुभन्दा अगाडि् सम्बन्ध बिच्छेद गरेका थिए भनेर उहाँले भनेनन् । होइन, उहाँले त सम्बन्ध बिच्छेद भएका व्यक्तिहरूका लागि पुनः विवाह गर्नु पाप होइन मात्र भनेकाछन् ।

# Was Paul Soft on Divorce?
# के पावल सम्बन्ध बिच्छेदको कुरामा नरम थिए ?

पावलले पुनः विवाहको बारेमा अनुग्रही नीति प्रस्तुत गरेको कारण त्यसको अर्थ के उनी सम्बन्ध बिच्छेदको कुरामा हल्का भएका थिए त ? होइन, स्पष्ट रूपमा सामान्य तवरले भन्दाखेरि पावल सम्बन्ध बिच्छेदको पक्का बिरोधी थिए । उहाँले कोरिन्थीलाई लेखेको पत्रको सुरु मा नै सम्बन्ध बिच्छेद सम्बन्धी व्यवस्थालाई अगि सारेकाछन् जसले परमेश्वरले सम्बन्ध बिच्छेदलाई घृणा गर्नुहुन्छ भन्ने कुरालाई समर्थन गर्दछ :

"अब विवाहितहरूलाई म कड्ा आज्ञा दिन्छु , मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो, पत्नी पतिबाट नछुटोस् (तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस् , बरु आफ्नो पतिसँग मिलाप गरोस्) पतिले आफ्नी पत्नीलाई नत्यागोस् । तर तिमी अरुहरूलाई म भन्दछु , यो मेरो भनाई हो प्रभुको होइन, यदि कुनै भाइको खीष्टमा विश्वास नगर्ने पत्नी छ र तिनी उसँग बस्न चाहन्छ भने उसले त्यसलाई नत्यागोस् । यदि कुनै स्त्रीको खीष्टमा विश्वास नगने पति छ र त्यो उसित बस्न चाहन्छ भने तिनले आफ्नो पतिलाई नत्यागोस् । किनकि अविश्वासी पति आफ्नी पत्नीद्धारा पवित्र हुन्छ र अविश्वासी पत्नी आफ्नो पतिद्धारा पवित्र हुन्छे ; नत्रता तिनीहरूका छोराछोरीहरू अशुद्ध हुनेछन् , तर वास्वतमा तिनीहरू त पवित्र छँदैछन् । तर विश्वास नगर्ने चाँहि छुटिन्छ भने छुटिओस् : यस्तो अवस्थामा त्यो खीष्टियन पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन । किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो । हे पत्नी हो तिमीलाई के थाहा ! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छ्यौ कि ? अथवा हे पति, तिमीलाई के थाहा ! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि ? प्रभुले हरेकलाई जस्तो जीवन खटाउनुभएको छ र जस्तो स्थितिमा बोलाउनुभएको छ सो सोही बमोजिम त्यो चलोस् । सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो" (१ को० ७: १०–१७) ।

पावलले ती विवाहित विश्वासीहरूलाई भनेको कुरालाई याद गर्नुहोस् जसहरूले विश्वासीसित नै विवाह गरेका थिए । वास्तवमा तिनीहरूले सम्बन्ध बिच्छेद गर्नुहुँदैन र पावलले भन्दछन् , कि यो उहाँको आज्ञा होइन तर प्रभुको आज्ञा हो । हामीले बाइबलमा पहिलेदेखि नै विचार गर्दै आएका प्रत्येक कुराहरूलाई त्यसले निश्चय पनि सहमति जनाउँछ ।

यहाँ यस कुराले चाखलाग्दो बनाइदिन्छ । कुनै–कुनै थोरै अवस्थाहरूमा मात्र विश्वासीहरूले पनि सम्बन्ध बिच्छेद गर्न सक्छन् भन्ने कुरालाई महसुस गर्न पावल सत्यवादी थिए भन्ने कुरा यसले स्पष्ट गर्दछ । यदि त्यस्तो हुन्छ भने, जुन व्यक्तिले आफ्नो पति वा पत्नीसँग सम्बन्ध बिच्छेद गर्दछ त्यो अविवाहित नै बसोस् अथवा कि चाँहि आफ्नो पति वा

पत्नीसँग मिलापमा रहोस् भनेर पावलले भनेकाछन् (पावलले यो कुरा बिशेष गरेर पत्नीहरूलाई दिएको भए तापनि म विश्वास गर्छु , कि यो नियम पतिहरूलाई पनि त्यतिकै लागुहुन्छ) ।

फेरि पनि पावलले लेखेका कुराहरूले हामीलाई अचम्भमा पार्दैनन् । उहाँले पहिले सम्बन्ध बिच्छेदको सम्बन्धमा परमेश्वरको व्यवस्थालाई अगि सारेकाछन् तर यो कुरा बुद्धिमानी ढङ्गमा जान्नु पर्दछ, कि परमेश्वरको व्यवस्था सँधै पालन गर्न सकिएको छैन । त्यसैले जब सम्बन्ध बिच्छेदको पाप दुई विश्वासीहरूको बीचमा हुन्छ तब उसले अरु बढी निर्देशन दिन्छन् । जुन व्यक्तिले आफ्नो दम्पतिसँग सम्बन्ध बिच्छेद गर्दछ, त्यसले विवाह नै नगरिकन बस्नुपर्दछ अथवा कि चाँहि उसले आफ्नो पति वा पत्नीसँग मिलापमा रहनुपर्दछ । त्यो नै विश्वासीहरूको बीचमा निश्चित रूपमा अति नै राम्रो कुरा हुनेछ । जतिसक्दो लामो समयसम्म तिनीहरू अविवाहित नै भएर रहन्छन् त्यति नै बढी आशा तिनीहरूको पुनः मिलनको हुन्छ र त्यो नै अति उत्तम कुरा हुन जान्छ । वास्तवमा, यदि कसैले पुनः विवाह गर्छ भने त्यसले आशा र पुनः मिलनको सम्भावनाको अन्त गराइदिन्छ । अनि यदि तिनीहरूले सम्बन्ध बिच्छेद गरेर क्षमा नहुने पाप गरेको भए पावलले तिनीहरूलाई अविवाहित नै रहनु वा पुनः मिलन गर्नु भन्नुमा अति थोरै कारणहरू हुने थियो भन्ने कुरा स्पष्ट छ ।

पावलको सम्बन्ध बिच्छेद भएका विश्वासीहरूलाई निर्देशन गरेर दिएको दोस्रो आज्ञा सँधै मानिसरहदैन भनेर जान्नु उहाँ कति धेरै बुद्धिमानी थिए भन्ने के तपाईंलाई लाग्दैन ? मलाई त त्यस्तै लाग्छ । सायद उहाँले सम्बन्ध बिच्छेद भएका विश्वासीहरूलाई अरु बढी निर्देशित आज्ञा दिनु पर्ने थिएन किनभने साँचो बिश्वासीहरूले उसको पहिलो सम्बन्ध बिच्छेद गर्नुहुँदैन भन्ने निर्देशित आज्ञालाई पछ्याउन् भन्ने उहाँले आशा गरेका थिए अनि यस्तै गरेर धेरै कम नाजुक अवस्थाहरूका लागि मात्र उहाँको दोस्रो निर्देशित आज्ञाको आवश्यकता पर्ने थियो । निश्चय पनि साँचो ख्रीष्टका अनुयायीहरूले यदि तिनीहरूको वैवाहिक समस्याहरू भए तिनीहरूले हर तरहले आफ्नो विवाहलाई जोगाउन सक्थे । अनि निश्चित रूपमा आफ्नो विवाहलाई हर तरहले जोगाउने प्रयत्न गर्दा पनि असफल हुने विश्वासीले सम्बन्ध बिच्छेद गर्नु पर्ने हुन्थ्यो, निश्चय पनि त्यो बिश्वासीले आफ्नो लाज पचाएर ख्रीष्टलाई अनादर गरेर जो सुकैसँग पुनः विवाह गने छ र अझै पनि पुनः मिलनको आशा गर्नेछ । अहिलेको आधुनिक मण्डलीमा सम्बन्ध बिच्छेदको सम्बन्धमा त्यस्तो प्रकारको साँचो रूपमा विश्वास नगर्ने र साँच्चै नै प्रभु येशूमा समर्पित नभएका झूटा विश्वासीहरूको ठूलो प्रतिशत भएकोले त्यहाँ यसको साँचो समस्या हुन्छ जस्तो मलाई लाग्छ ।

परमेश्वरले अविश्वासीहरूमा भन्दा पवित्र आत्माको अन्तर्वास भएका विश्वासीहरूमा धेरै ठूलो आशा गर्नुहुन्छ भनेर १ कोरन्थी ७ अध्यायमा पावलले लेखेका कुराहरूबाट स्पष्ट हुन्छ । विश्वासीहरूले आफ्ना अविश्वास गर्ने दम्पतिसँग सम्बन्ध बिच्छेद गर्नुहुँदैन, त्यसको साथसाथै यदि तिनीहरूका अबिश्वासी दम्पतिहरू तिनीहरूसँगसँगै बस्ने इच्छा गर्दछन् भने सँगै बस्नुपर्दछ भनी पावलले लेखेको कुरा हामी पढ्दछौं । फेरि पनि एकपल्ट यस निर्देशित आज्ञाले हामीलाई छक्क पार्दैन, यदि हामीले यस विषयमा भएको धर्मशास्त्रको पदमा रहेका हरेक कुरालाई सम्पूर्ण तवरले पढ्छौं भने परमेश्वर सम्बन्ध बिच्छेदको बिरुद्धमा हुनुहुन्छ । पावल अगाडि भन्दैजान्छन् , कि यदि अविश्वास गर्नेले चाँहि सम्बन्ध बिच्छेद गर्न चाहन्छ भने विश्वासीले त्यसलाई अनुमति दिनुपर्छ । अविश्वासी परमेश्वरमा समर्पित हुँदैन भनेर पावललाई राम्ररी थाहा छ र त्यसैले अविश्वासीले विश्वासीको जस्तो व्यवहार गर्छ भनी उनी आशा गर्दैनन् । म यो पनि थप्न सक्छु , कि जब अविश्वासी विश्वासीसँगै रहन चाहन्छ तब यो

अविश्वासी सु–समाचारको निम्ति खुल्ला भएको हो भन्ने कुराको कि त छनक हो वा विश्वासी चाँहि आफ्नो विश्वासबाट पछि हटेको छनक हो अथवा उ हाँसउठदो खीष्टियन हो ।

अविश्वासीसँग सम्बन्ध बिच्छेद गर्ने विश्वासी पुनः विवाहको लागि स्वतन्त्र छैन भनेर अब कसले भन्छ ? जसरी पावलले सम्बन्ध बिच्छेद गर्ने दुईजना विश्वासीहरूलाई भने त्यसरी यस अवस्थाको सम्बन्ध बिच्छेदलाई कहिले पनि भन्नुभएको छैन । अविश्वासीले विश्वासीसितको वैवाहिक सम्बन्ध बिच्छेद गरेपछि सम्बन्ध बिच्छेद भएको विश्वासीले पुनःविवाह गर्ने कुरामा पर मेश्वरले किन बिरोध गर्नुहुन्छ भन्ने कुरामा हामीहरू अचम्भित हुनु स्वभाविक हो । त्यसको उदेश्य के हो ? अझै पनि यस्तो प्रकारको अनुमति स्पष्ट रूपमा प्रभु येशूले पुनः विवाहको बारेमा भन्नुभएको कुराको बिरुद्धमा खड्ा हुन्छ : "सम्बन्ध बिच्छेद भएकी स्त्रीसँग विवाह गर्नेले व्यभिचार गर्छ" (मत्ती ५:३२) । प्रभु येशूले के कुरा भन्न खोजिरहनुभएको थियो त्यस कुरालाई गलत अर्थ पो लगायौं कि भनेर शका गर्ने ठाऊँ यहाँ देखा पर्छ ।

# The Problem
# समस्या

प्रभु येशू , मोशा र पावल सबैले सम्बन्ध बिच्छेद गर्ने एक पक्ष वा दुवै पक्ष पापमा सहभागी भएका हुन्छन् भनेर स्पष्ट रूपमा सहमत जनाएकाछन् । सामान्य रूपमा भन्नुपर्दा तिनीहरू सबै सम्बन्ध बिच्छेदको बिरुद्धमा अबिरोधी छन् । तर यहाँ हाम्रो समस्या छ : प्रभु येशूले भन्नुभएको पुनः विवाहको सम्बन्धसँग पावल र मोशाले भनेको पुनः विवाहको सम्बन्धलाई हामी कसरी मिलाप गराउँछौं ? यस कुरामा तिनीहरू सबैले परमेश्वरद्धारा प्रेरणा पाएर भनेको कारण ती कुराहरू एकतामा नै भएको हुनुपर्दछ भनी निश्चित रूपमा हामीले आशा गरेको हुनुपर्दछ ।

प्रभु येशूले वास्तवमा कसलाई यो कुरा भनिरहनुभएको थियो र उहाँले वास्तवमा के भन्नुभएको थियो आउनुहोस् हामी त्यस कुरालाई जाँचौं । मत्तीको सु–समाचारमा दुईपल्ट प्रभु येशूले सम्बन्ध बिच्छेद र पुनः विवाहको बारेमा भन्नुभएको कुरा हामी पाउँछौं, एकपल्ट डाँड्ाको उपदेश दिएको समयमा र अर्कोपल्ट उहाँलाई केही फरिसीहरूले प्रश्न गरेको समयमा । अब हामी ती फरिसीहरूसँग प्रभु येशूले बातचित गर्नुभएको कुराबाट यस बिषयलाई सुरु गरौं :

केही फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण स्वास्नीसँग विवाह बिच्छेद गर्न उचित छ ?" तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो र भन्नुभयो, यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड्र आफ्नी स्वास्नीसँग मिलिरहन्छ र ती दुईजना एउटै शरीर हुनेछन् । ती अब दुई होइनन् तर एउटै शरीर हुन्छन् । यसकारण परमेश्वर ले जसलाई एकसाथ जोडनुभएको छ, त्यसलाई कुनै मानिसले नछुटयाओस् । तिनीहरूले उहाँलाई भने, "मोशाले किन विवाह बिच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए" ? उहाँले तिनीहरूलाई भन्नुभयो, "तिनीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन् ; तर सुरुदेखि यस्तो थिएन । म तिमीहरूलाई भन्दछु , जसले व्यभिचारको कारण बाहेक आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्छ अनि जसले त्यागिएकीलाई विवाह गर्छ त्यसले पनि व्यभिचार गर्दछ" (मत्ती १९:३–९) ।

प्रभु येशूसँगको वार्तालापमा फरिसीहरूले मैले सुरुमा नै बताएको मोशाको व्यवस्थाको एउटा खण्ड व्यवस्था २४:१–४ लाई उद्धृत गरेको छ । त्यहाँ यस्तो लेखिएको थियो, "आफ्नो विवाह गरेकी स्त्रीमा केही खोट पाएर त्यससँग असन्तुष्ट भएर त्यसलाई त्यागपत्र लेखीदएर कसैले आफ्नो घरबाट निकालिदियो भने ......" (व्यवस्था २४:१) ।

प्रभु येशूको समयमा "खोट सम्बन्धी कानूनको कुनै विचारधाराहरू थिएनन् । करीब बीस वर्षअगि हिलेल नाम गरेको रब्बीले खोट एउटा असामान्य भिन्नता हो भनी शिक्षा दिएका थिए । प्रभु येशूले फरिसीहरूसँग विवाद गरेको समयसम्म "हिलेल" को व्याख्या जेसुकै कारणले पनि सम्बन्ध बिच्छेद गर्न सकिन्छ भन्ने अनुमति दिँदै अझै उदारवादी बन्दै गएको थियो भनेर फरिसीहरूले प्रभु येशूलाई गरेको प्रश्नबाट स्पष्ट हुन्छ । एउटा व्यक्तिकी पत्नीले कथङ्कदाचित बेलुकीको भोजनमा आगो लगाई, वा भोजनमा नून चर्को हाली, सार्वजनिक ठाउँमा साड्ी उचाल्दाखेरि घुँड्ा देखाई भने, आफ्नो कपाल तल झारेर कसैसँग बोली भने, आफ्नी सासुसँग मुखमुखै लागी भने वा अपशब्द बोली भने त्योसँग सम्बन्ध बिच्छेद गर्न सक्थ्यो । यदि कुनै मानिसले कसैलाई अझै आकर्षित पायो, जसले गर्दा उसकी स्वास्नीलाई "खोट" लगायो भने, समेत पनि उसले आफ्नी स्वास्नीसँग सम्बन्ध बिच्छेद गर्न सक्थ्यो ।

हिलेलभन्दा अलिक पहिलेका साम्माई नाम गरेका अर्का प्रसिद्ध रब्बीले व्यभिचार जस्तो अति अनैतिक कुराको लागि मात्र "खोट" लगाउन सकिन्छ भन्ने शिक्षा दिएका थिए । प्रभु येशूको समयका फरिसीहरूमध्ये हिलेलको उद्धारवादी व्याख्या शाम्माईको व्याख्याभन्दा अझै बढी लोकप्रिय भएको थियो भनी तपाईले अड्कल गर्न सक्नुहुन्छ । जुनसुकै कारणको लागि पनि सम्बन्ध बिच्छेद उचित छ भनेर त्यसैअनुसार फरिसीहरू जिएका थिए र त्यही कुरा नै तिनीहरूले शिक्षा दिन्थे अनि त्यसैले गर्दा सम्बन्ध बिच्छेदले उग्र रूप लिएको थियो । फरिसीहरूले तिनीहरूको फरिसिय नमूनामा "मोशाको व्यवस्थालाई उलङ्घन नगरेको प्रमाणित गर्न" तपाईले आफ्नी पत्नीसँग सम्बन्ध बिच्छेद गर्दा त्यागपत्र लेखिदिनु पर्ने महत्वलाई जोड् दिएका थिए ।

## Don't Forget that Jesus was Speaking to Pharisees
## प्रभु येशूले फरिसीहरूलाई यो कुरा भनिरहनुभएको थियो भन्ने कुरा नबिर्सिनुहोस्

यस पृष्ठभूमिको आधारमा प्रभु येशू के कुराको बिरुद्धमा हुनुहुन्थ्यो भन्ने कुरा हामी धेरै राम्रोसँग बुझ्न सक्छौं । उहाँको सामु पाखण्डी धर्मगुरुहरूको एउटा समुह खडा भएको थियो, तिनीहरूमध्ये सबै जसो नभए पनि धेरैजना एक वा दुईपल्टसम्म सम्बन्ध बिच्छेद गरेकाहरू नै थिए, किनभने सम्भवत तिनीहरूले अझै आकर्षित जोडीहरू भेटेको हुनुपर्छ । मेरो विचारमा डाँड्ाको उपदेशमा प्रभु येशूले भन्नुभएको सम्बन्ध बिच्छेद सम्बन्धी वचनहरूले अभिलाषा सम्बन्धी उहाँको चेतावनीलाई पनि बुझाउँछ जसलाई उहाँले व्यभिचारको एउटा रूप हो भनेर समेत भन्नुभएको थियो भन्ने कुरा संयोग हुँदैन । अझै पनि तिनीहरूले आफूलाई मोशाको व्यवस्था पालन गरिरहेका थिए भनी दाबी गर्दै आफूलाई प्रमाणित गर्न खोजिरहेका थिए ।

तिनीहरूका आफ्नै प्रश्नले नै तिनीहरूको झुकाव केमा छ भन्ने कुरा प्रकट गर्दछ । जुनसुकै कारणले पनि तिनीहरूले आफ्नो पत्नीसँग सम्बन्ध बिच्छेद गर्नसक्छन् भनी तिनीहरू स्पष्ट रूपमा विश्वास गर्दथे । उत्पत्ति २ अध्यायमा विवाहको बारेमा मोशाको वचनलाई लागु गरेर विवाहको सन्दर्भमा परमेश्वरको मनसाय के थियो भनी तिनीहरूले

बुझ्नलाई गल्ती गरेको कुरा प्रभु येशूले प्रकट गरिदिनुभयो । परमेश्वरले कहिले पनि कुनै सम्बन्ध बिच्छेद "कुनै कारण" ले पनि होस् भन्ने चाहना राख्नुभएन, तरै पनि इस्राएलका अगुवाहरूले किशोर–किशोरीहरूले तिनीहरूका 'प्रेमी–प्रेमिकाहरूसँग' सम्बन्ध बिच्छेद गरेझैँ आफ्ना पत्नीहरूसँग सम्बन्ध बिच्छेद गरिरहेका थिए ।

मलाई शकां लाग्छ, कि फरिसीहरूले सम्बन्ध बिच्छेद गरेको बारेमा प्रभु येशूले पहिलेबाट नै सावजनिक रूपमा भन्नुभए झैँ स्थिर रूपमा खड्। हुनुहुन्थ्यो भनेर जानिसकेका थिए, त्यसैले तिनीहरू आफ्नो तर्कको लागि तयार थिए : "मोशाले किन विवाह बिच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए ?"(मत्ती १९:७)

यो प्रश्नले फेरि पनि तिनीहरूको झुकावलाई प्रकट गर्दछ । यदि मोशाले मानिसहरूलाई तिनीहरूका आफ्ना पत्नीहरूको कुनै "खोट" पाएमा सम्बन्ध बिच्छेद गर्नलाई आज्ञा दिइरहेका र त्यागपत्र दिनुपर्छ भनिरहेकाछन् , कि जस्तो लाग्छ, तरै पनि व्यवस्था २४:१–४ बाट जब हामी पढ्छौं तब मोशाले त्यसो भन्नखोजेकै होइन भन्नु हामी यकिन गर्न सक्छौं । उहाँले त स्त्रीको तेस्रो विवाहलाई पहिलो लोग्नेसँग पुनः विवाह गर्नु हुँदैन भनेर निषेध गर्दै नियन्त्रित गरिरहेको मात्र हो ।

जहाँसम्म मोशाले सम्बन्ध बिच्छेदको कुरा गरेकाछन् , कुनै कारणको लागि मात्र यो अनुमति दिइएको छ । तर प्रभु येशूले दिनुभएको जवाफमा अनुमति दिइएको छ भनेर प्रयोग गर्नुभएको कृयापद फरिशीहरूले छानेर प्रयोग गरेको कृया "आज्ञा दिइएको छ" भनेर उल्लेख गरेको कुरासँग कसरी बाझेको छ भनेर बिचार गर्नुहोस् । मोशाले सम्बन्ध बिच्छेदलाई अनुमति दिएकाछन् ; तर तिनले कहिले पनि आज्ञा दिएका छैनन् । इस्राएलीहरूको हृदयको कठोरताको कारणले नै मोशाले सम्बन्ध बिच्छेदको लागि अनुमति दिएका थिए । त्योचाँहि, परमेश्वरले मानिसहरूको पापमय कुराको लागि कृपा गरेर सम्बन्ध बिच्छेदको लागि अनुमति दिनुभएको मात्र हो । मानिसहरू तिनीहरूका वैवाहिक जोडीसँग विश्वासयोग्य हुँदैनन् भनी उहाँ जान्नुहुन्थ्यो । त्यहाँ अनैतिकता जस्ता कुराहरू हुनेछन् भनेर उहाँलाई थाहा थियो । मानिसहरूका हृदयहरू टुट्नेछन् भनी उहाँ जान्नुहुन्थ्यो । त्यसैले उहाँले सम्बन्ध बिच्छेदको अनुमति दिनुभयो । मौलिक रूपमा उहाँले यो गर्न चाहनुभएको थिएन, तर पापले यो गर्न आवश्यक बनाइदियो ।

अर्को कुरा, प्रभु येशूले फरिशीहरूलाई परमेश्वरको व्यवस्था तेर्स्याइदिनुभयो, सायद उहाँले मोशाले भनेका "खोट" लागे, कि भनेको वास्तवमा के थियो भनेर प्रष्ट पारिदिनुभएको हुनसक्छ : "जसले व्यभिचारको कारण बाहेक स्वास्नीलाई त्यागेर अर्कोसित विवाह गर्ला, त्यसले व्यभिचार गर्दछ" (मत्ती १९: ९) । परमेश्वरको दृष्टिमा अनैतिकता नै मानिसले आफ्नी पत्नीसँग सम्बन्ध बिच्छेद गर्ने एक मात्र कारण हो र म त्यो कुरालाई बुझ्न सक्छु । स्त्री वा पूरुषले के गर्दा तिनको वा तिनकी विवाहिता जोडीको लागि धेरै आक्रमक हुन्छ ? जब कसैले व्यभिचार गर्दछ वा त्यसमा फँस्दछ, तब उसले/तिनले क्रूर सन्देश पठाउँछ । निश्चय पनि प्रभु येशूले "अनैतिक" भन्ने शब्दलाई प्रयोग गर्नुहुँदा व्यभिचारलाई मात्र उल्लेख गर्नु भएको थिएन । निश्चित रूपमा उन्मत्त भएर कसैको विवाहिता जोडीलाई चुम्नु र अङ्गालो हाल्नु अस्लिलताको लागि अभ्यास गर्दै र अरु कुनै यौन बिकृतिको उदेश्य राखी गरिएको एउटा आक्रमक अनैतिकता हो । प्रभु येशूले अभिलाषालाई डाँड्।को उपदेशको समयमा व्यभिचारसँग बराबर हो भनेर भन्नुभएको कुरालाई सम्झनुहोस् ।

प्रभु येशू कोसँग कुरा गर्दै हुनुहुन्थ्यो भन्ने कुरालाई चाँहि नबिर्सौं – उहाँले फरिसीहरूसँग कुरा गर्दै हुनुहुन्थ्यो, जसहरूले आफ्ना पत्नीहरूसँग जेसुकै कारण बनाएर सम्बन्ध बिच्छेद गरी चाँड्ो–चाँड्ो पुनर्विवाह गरिरहेका थिए, तर परमेश्वरले निषेध गर्नुभए झैँ तिनीहरूले कहिले पनि व्यभिचार चाँहि गरेनन् नत्रता तिनीहरूले साँतौ आज्ञालाई उलङ्घन गरेको ठहरिने थियो । प्रभु येशूले तिनीहरूलाई आ–आफैलाई मूर्ख बनाइरहेका थिए भनी भनिरहनुभएको थियो । तिनीहरूले गरिरहेको कुरा व्यभिचारभन्दा फरक थिएन र त्यसले पूर्ण अर्थ दिन्छ । इमान्दार व्यक्तिले यो कुरा देख्न सक्छ, कि जुन मानिसले आफ्नी पत्नीसँग सम्बन्ध बिच्छेद गरेर अर्की स्त्रीसँग विवाह गर्दछ, त्यसले व्यभिचारीले गर्ने काम गर्दछ, तर उसले बैधानिक रूपमा त्यो काम गरेकोहुन्छ ।

## The Solution
## समाधान

प्रभु येशूको कुरासँग पावल र मोशाको कुरालाई मिल्दो बनाउने यो एउटा मुख्य कुञ्जी हो । प्रभु येशूले केवल फरिसीहरूको कपटीपनलाई देखाइदिइरहनुभएको थियो । उहाँले कुनै पनि पुनर्विवाहको लागि निषेध गरिएको व्यवस्थालाई तेर्स्यादिइरहनुभएको थिएन । यदि उहाँले त्यसो गरिरहनुभएको भए, उहाँले मोशा र पावलले भनेका कुराहरूलाई जुधाइदिएर लाखौं सम्बन्ध बिच्छेद भएका र लाखौं पुनर्विवाह गरेका मानिसहरूलाई हामीले के भन्ने ? के हामीले तिनीहरूलाई कुनै पनि व्यभिचारी परमेश्वरको राज्यमा प्रवेश गर्न पाउँदैन भनेर बाइबलले दिएको चेतावनीलाई थाहा गरेर पनि तिनीहरू व्यभिचारको सम्बन्धमा दिएकाछन् (१ को० ६: ९,१०) भनेर भनिदिने र तिनीहरूलाई फेरि पनि सम्बन्ध बिच्छेद गर भन्ने ? तर के परमेश्वरले सम्बन्ध बिच्छेदलाई घृणा गर्नुहुन्न र ?

के हामीले पहिलेका दम्पतिहरू नमरुन्जेलसम्म वर्तमान दम्पतिहरूसँग यौन सम्पर्क राख्न छोडेर निरन्तर व्यभिचार नगर भनेर भन्ने त ? तर के पावलले एक–अर्कामा विवाहिता दम्पतिहरूले यौन सम्पर्क गर्न नछोडनु भनेका होइनन् ? के त्यस प्रकारको सिफारिसले यौन परीक्षातर्फ र पुनर्विवाहिता जोडी मरोस भन्ने उत्तेजित इच्छातर्फसमेत डोऱ्याउँदैन ।

के हामीले त्यस्ता मानिसहरूलाई तिनीहरूका वर्तमान विवाहिता जोडीसँग सम्बन्ध बिच्छेद गर्न लगाएर तिनीहरूका पहिलेका मौलिक जोडीसँग (कसैले वकालत गरेझैँ गरी ) व्यवस्था २४: १–४ मा भएको मोशाको व्यवस्थाले निषेध गरेको पुनर्विवाह गर्न लगाउने त ?

पुनर्विवाह नगरी कसैको सम्बन्ध बिच्छेद भएका मानिसहरूको बारेमा चाँहि के भन्ने त ? यदि तिनीहरूका पहिलेका विवाहित दम्पत्तिले कुनै अनैतिक कार्य गरेको भए र तिनीहरूलाई पुनर्विवाह गर्न अनुमति दिएको भए, वास्तवमा नै त्यसले अनैतिक काम गरेको रहेछ भने, कसले त्यस कुराको निर्णय गर्न आफूमाथि भार लिनेछ ? पुनर्विवाह गर्नको निम्ति के तिनीहरूका पहिलेका जोडीले अभिलाषाको पाप गरेको छ भनेर कसैले प्रमाणित गरिदिन कुनै जरुरी हुन्छ, जब कि अरुहरूलाई तिनीहरूका पहिलेका विवाहिता जोडीको प्रेम सम्बन्धको लागि साक्षीहरू ल्याउन आवश्यक पर्दछ ?

मैले सुरुमै प्रश्न गरेझैँ त्यो मुद्धाको बारेमा के भन्ने जहाँ पहिलेको दम्पत्तिले विवाह गरेर पनि यौन सम्पर्क रोकेको कारण अर्को व्यक्तिसँग व्यभिचार गरेको हुन्छ ? पहिलेको दम्पत्तिसँग

यौन सम्पर्क गर्न छोडेको कारण के त्यसलाई पुनर्विवाह गर्न अनुमति दिनु उचित हुन्छ, जबकि व्यभिचार गरेको व्यक्तिलाई पुनर्विवाहको लागि अनुमति दिइएको हुँदैन ?

विवाह हुनुअगि व्यभिचार गर्ने व्यक्तिको बारेमा चाँहि के भन्ने त ? के त्यो भविष्यको दाम्पत्य जोडीको लागि अविश्वासयोग्य कार्य भएन र ? के त्यो व्यक्तिसँग यौन सम्पर्क गर्ने व्यक्तिले त्यो पाप गरेकै बेलामा विवाह गरेको भए त्यो पाप व्यभिचार सरह हुँदैन ? त्यसो भए त्यो व्यक्तिलाई के विवाह गर्न अनुमति दिने ?

विवाह नगरीकन नै दुईजनासँगै बस्ने र पछि गएर फेरि "अलग हुने" मानिसहरूको बारेमा के भनौ त ? तिनीहरू बैधानिक रूपमा विवाह नगरेकै कारणले मात्र फेरि अलग भइसकेपछि किन तिनीहरूलाई कसैसँग विवाह गर्न अनुमति दिइएको ? सम्बन्ध बिच्छेद गरेर पुनर्विवाह गर्नेहरूभन्दा तिनीहरूमा कति फरक छ ?

एउटा व्यक्ति ख्रीष्टियन भैसकेपछि "पूरानो बितिगएको छ र सबै कुरा नयाँ भएको छ" भन्ने तथ्य कुराको बारेमा के भन्ने (२ को० ५: १७) ? के त्यसको साँचो अर्थ अवैधानिक सम्बन्ध बिच्छेदको पापदेखि बाहेक हरेक पाप हो त ?

यी सबै र अरु धेरै प्रश्नहरू (५५) प्रभु येशूले पुनर्विवाहको बारेमा नयाँ व्यवस्था तेर्स्याइरहनुभएको थिएन भन्ने बलियो कारणहरू सोँच्नको लागि गर्न सकिन्छ । यदि त्यस्तै हुनेथियो भने, निश्चित रूपमा प्रभु येशूले आफ्नो पुनर्विवाहको सम्बन्धमा दिनुभएको नयाँ व्यवस्थाको नियमलाई महसुस गर्न धेरै बद्धिमान हुनुहुन्थ्यो । उहाँले फरिसीहरूको कपटीपनलाई देखाई मात्र दिइरहनुभएको कुरा यसले हामीलाई बताउँदछ – तिनीहरू अभिलाषी, धार्मिक देखाउने र कपटी मानिसहरू थिए, जसले आफ्ना पत्नीहरूसँग "जुनसुकै कारण" बनाएर सम्बन्ध बिच्छेद गरी पुनर्विवाह गर्दै थिए ।

प्रभु येशूले भन्नुभएको कारणचाँहि तिनीहरूले कहिले पनि विवाह बिच्छेद गर्नुहुँदैन जो व्यभिचार हो, तिनीहरूले अहिले गरिरहेको सम्बन्ध बिच्छेद गरेर पुनर्विवाह गर्नुमा साँच्चै नै केही फरक नभएकोले तिनीहरूले गल्ती गरिरहेकाछन् भन्नुभन्दा "व्यभिचार गरिरहेकाछन्" भन्नु उचित थियो । प्रभु येशूले भन्नुभएका कुरा पुनर्विवाहको यौन पक्ष मात्र थियो र उहाँले पुनर्विवाहलाई प्रमाणित गर्नुको साथै यौनबाट संयम गराउनु मात्र थियो भनेर हामीले निष्कर्ष निकाल्ने त ? स्पष्ट रूपमा त्यसो हुँदै होइन । त्यसैले आउनुहोस् अब हामी उहाँले त्यसो भन्नुखोज्नुभएको होइन भन्ने कुरालाई विचार गरौं ।

## A Thoughtful Comparison
## विचारशील तुलना

अब हामी दूईजना मानिसहरूको बारेमा बिचार गरौं । एकजना विवाहित धार्मिक जसले आफ्नो सारा हृदयले परेश्वरलाई प्रेम गर्छु भनी दाबी गर्दछ र छिमेकमा भएकी एउटी तरुनी स्त्रीको लागि अभिलाषा गर्न शुरु गर्दछ । चाँडै उसले आफ्नी पत्नीसँग सम्बन्ध बिच्छेद गर्दछ अनि छिट्टै उसकी कल्पनाकी त्यस स्त्रीलाई विवाह गर्दछ ।

अनि अर्को मानिसचाँहि धार्मिक छैन । त्यसले कहिले पनि सुसमाचार सुनेको छैन र त्यस व्यक्ति पापमय जीवन जिउँदछ, उसले अन्तिममा आफ्नो विवाहको मुल्य चुकाउँदछ । केही वर्षपछि एक्लो मानिसको रूपमा उसले सुसमाचार सुन्छ, पश्चाताप गर्छ र आफ्नो सारा हृदयले प्रभु येशूलाई पछ्याउन सुरु गर्छ । तीन बर्षपछि उ आफू जाने मण्डलीमा भएकी एकजना

समर्पित महिलालाई भेटेर प्रेममा फस्छ । तिनीहरू दुवैजनाले इमान्दारसाथ प्रभुको इच्छा खोज्दछन् र अरुहरूबाट सल्लाह लिन्छन् अनि त्यसपछि विवाह गर्ने निर्णयमा पुग्छन् । तिनीहरूले विवाह गर्छन् र प्रभुको सेवा गर्दछन् र मृत्यु पर्यन्तसम्म एक–अर्कामा विश्वासयोग्य हुन्छन् ।

अब यी दुवै मानिसहरूले पुनर्विवाह गर्ने पाप गरेकाछन् भनेर मानिलिऔं । यी दुईमा कसको पाप ठूलो छ ? स्पष्ट रूपले भन्नुपर्दा पहिलो मानिसको पाप ठूलो छ । उ त व्यभिचारी जस्तो नै भयो ।

अनि दोस्रो मानिसको बारेमा चाँहि के भन्ने त ? उसले पाप गरेको छ भनेर साँच्चै देखिन्छ । के उसलाई पहिलो मानिसले व्यभिचार गरेको छ भनेझैँ उसलाई पनि व्यभिचारभन्दा फरक छैन भनेर भन्न सकिन्छ ? मलाई त्यस्तो लाग्दैन । उ अझै पनि पहिलो श्रीमतिसँग विवाह भएको व्यक्ति हो भनेर परमेश्वरले विचार गर्नु हुने भएकोले उहाँले अहिले उ जुन स्त्रीसँग जिइरहेको छ त्यसँग एकसाथ जोडनु भएको होइन भनेर उसलाई जानकारी दिँदै सम्बन्ध बिच्छेद गरेर पुनर्विवाह गर्ने मानिसहरूलाई प्रभु येशूले के भन्नु हुन्छ भनेर के हामी उसलाई भनौं ? के अब हामी उ व्यभिचारमा जिइरहेको छ भनी उसलाई भनौं त ?

यी प्रश्नहरूको जवाबहरू स्पष्ट छन् । विवाहिता मानिसहरूद्धारा नै व्यभिचार हुन्छ, जसले आफ्नो दम्पतिदेखि बाहेक अरु कसैसँग आफ्नो आँखा लगाउँछ ! त्यसैले कसैको दम्पतिलाई व्यभिचारको मनसाय राखेर आकर्षित देखेको कारणले नै मानिसले आफ्नो दम्पतिसँग सम्बन्ध बिच्छेद गर्दछ । तर अविवाहित मानिसले उसको आफ्नो विश्वासयोग्य नहुने कोही व्यक्ति नभएकोले गर्दा व्यभिचार गर्न सक्तैन, न त सम्बन्ध बिच्छेद भैसकेको व्यक्तिको अविश्वासयोग्य हुनको लागि दम्पति नभएकोले गर्दा नै व्यभिचार गर्न सक्छ । हामीले एकपल्ट प्रभु येशूले भन्नु भएको बाइबलिय तथा ऐतिहासिक सन्दर्भलाई बुझिसकेपछि कुनै अर्थ नदिने र सम्पूर्ण बाइबलसँग जुझ्ने प्रकारको निष्कर्षमा आउनु हुँदैन ।

प्रसङ्गबस, जब चेलाहरूले प्रभु येशूलाई फरिसीहरूले गरेको प्रश्नको जवाब उहाँले दिएको सुने, तब चेलाहरूले उहाँलाई भने, "लोग्ने स्वास्नीको यस्तै सम्बन्ध हो भनेता, विवाह नगर्नु नै असल हुनेछ" (मत्ती १९:१०) । तिनीहरू फरिसीहरूको शिक्षा र प्रमाणमा हुर्किएका थिए र त्यहाँको संस्कृतिभित्र फरिसीहरूको ठूलो प्रभाव परेको थियो भनेर महसुस गर्नुहोस् । विवाह स्थाई हुनु पर्दछ भनेर तिनीहरूले कहिले विचार गरेका थिएनन् । वास्तवमा केही मिनेट अगाडिसम्म तिनीहरूले आफ्ना पत्नी भनी सम्भवत विश्वास गरेको हुनु पर्छ । त्यसैले तिनीहरू तुरन्तै सम्बन्ध बिच्छेद गरेर व्यभिचार गर्नुभन्दा त बरु विवाह नगर्नु नै असल हुनेरहेछ भन्ने निष्कर्षमा पुगे ।

प्रभु येशूले जवाब दिनु भयो, "सबै मानिसले यो वचन ग्रहण गर्न सक्तैनन् , केवल तिनीहरूले मात्र सक्छन् जसलाई यो दिइएको छ । किनकि कोही जन्मदै नपुसंक हुन्छन् ; कति चाँहि आफै–आफलाई स्वर्ग राज्यको निम्ति नपुसंक बनाउँछन् । जसले यो ग्रहण गर्न सक्छ, त्यसले त्यो ग्रहण गरोस्" (मत्ती १९: ११,१२) ।

त्यो चाँहि कसैले यौन उत्तेजना र उसैले यसलाई नियन्त्रण गर्ने क्षमतामा भर पर्ने कुरा हो । पावलले पनि भनेका छन् , "कामवासनाले जल्नुभन्दा त विवाह गर्नु असल हो" (१ को० ७: ९) । नपुसंक भएर जन्मेकाहरू वा मानिसहरूले नपुसंक बनाइदिएकाहरू (मानिसहरूद्धारा जसलाई स्त्रीगृहको सुरक्षा प्रदान गर्नको लागि नपुसंक बनाई दिएर नियुक्त गरिएको हुन्छ) मा यौन चाहना हुँदैन । स्वर्गराज्यको निम्ति आफैलाई नपुसंक बनाइएकाहरू अझ बढी आत्मा–

नियन्त्रणका साथ परमेश्वरबाट बिशेष बरदान पाएका हुन्छन् , जसको कारणले "सबै मानिसले यो वचन ग्रहण गर्न सक्तैनन् , तर तिनीहरूले मात्र सक्छन् जसलाई यो दिइएको छ" (मत्ती १ ९: ११) ।

## The Sermon on the Mount
## डाँड्राको उपदेश

हामीले यो कुरा पनि मनमा राख्नु पर्दछ, कि प्रभु येशूले डाँड्राको उपदेशको समयमा जुन भीडँमा बोल्नु भएको थियो ती मानिसहरू इस्राएलका फरिसीहरू, शासकहरू र शिक्षकहरूको पाखण्डी प्रभावमा परेर जिएका मानिसहरू थिए । हामीले सुरुमा अध्ययन गरेको डाँड्राको उपदेशमा झैँ यो कुरा स्पष्ट छ, कि प्रभु येशूले भन्नु भएका कुराहरू फरिसीहरूको झूटो शिक्षाको सुधार गर्ने कुराभन्दा कम थिएनन् । प्रभु येशूले भीडँलाई तिनीहरूको धार्मिकता शास्त्रीहरू र फरिसीहरूको भन्दा बढी भएन भने कुनै रीतिले तिनीहरू स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् भनेरसमेत भनी दिनु भयो (मत्ती ५: २०), जुनचाँहि शास्त्रीहरू र फरिसीहरू नरकतिर गइरहेका छन् भन्ने अर्को एउटा तरिका पनि  हो । उहाँको उपदेशको अन्तमा भीडँहरू छक्क परे, किनभने प्रभु येशूले तिनीहरूलाई तिनीहरूका "शास्त्रीहरूले झैँ" सिकाइरहनु भएको थिएन (मत्ती ७:२९) ।

उहाँको उपदेशको सुरुमा प्रभु येशूले ती मानिसहरूको पाखण्डीपनलाई प्रकट गरी दिनु भयो जसले आफूलाई कहिले पनि व्यभिचार गरेको छैन भनी दाबी गर्थे, तर तिनीहरू अभिलाषाले भरिएका वा सम्बन्ध बिच्छेद गरेर पुनर्विवाह समेत गरेकाहरू थिए । उहाँले व्यभिचारको अर्थलाई बिस्तृत रूपमा दुईजना मानिसहरूको बीचमा शारीरिक पापमय कार्य गरी अरुहरूसँग विवाह गर्नेभन्दा पनि परको कुरा हो भनेर भनी दिनु भयो । उहाँले भन्नु भएको कुराले इमान्दार व्यक्तिलाई सोच्न बाध्य तुल्याई दिएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । यो कुरा मनमा राख्नुहोस् , कि प्रभु येशूले यो उपदेश नदिउञ्जेलसम्म भीडँमा भएको धेरैजसो मानिसहरूले "कुनै कारण" देखाएर सम्बन्ध बिच्छेद गर्नु उचित हुन्छ भन्ने सोँचेको हुनु पर्छ । सुरुदेखि नै परमेश्वरको मनसाय उच्चस्तरको थियो भन्ने कुरा उहाँका चेलाहरूले साथै हरेकले जानेको होस् भन्ने प्रभु येशू चाहनु हुन्थ्यो ।

"तिमीहरूले यसो भनेको सुनेकाछौ, "तैँले व्यभिचार नगर" तर म तिमीहरूलाई भन्दछु , जसले कुनै स्त्रीलाई काम वासनाको इच्छाले हेर्दछ, त्यसले अगिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ । यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई निकालेर फाली देऊ ; किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ । यदि तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई काटेर फाली देऊ ; किनभने तिम्रो सम्पूर्ण शरीर नर कमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ । अनि यसो पनि भनिएको छ, कि जसले आफ्नी पत्नीलाई त्याग्छ, त्यसले उसलाई त्यागपत्र लेखी दिओस् ; तर म तिमीहरूलाई भन्दछु , जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरु कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ ; र जसले त्यो त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ" (मत्ती ५: २७–३२) ।

पहिलो कुरा, मैले सुरुमा नै देखाए झैँ, सम्बन्ध बिच्छेद र पुनर्विवाहको सम्बन्धमा प्रभु येशूले भन्नु भएका वचनहरूले कामवासनाको तहसम्म जोड्ने मात्र होइन तर उहाँले ती दुवै उस्तो–उस्तै हुन् र त्योभन्दा पनि अझ बढी नै हुन् भनेर प्रत्यक्ष रूपमा स्पष्ट गर्दछन् । त्यसैले यो सामान्य शिलशिला धर्मशास्त्रको सम्पूर्ण खण्डद्धारा भएर अगि बढेको हामी देख्दछौं । प्रभु येशूले आफ्ना अनुयायीहरूलाई वास्तवमा सातौं आज्ञा पालन गर्नु भनेको के हो भनेर बुझ्न यहाँ सहायता गरिरहनुभएको थियो । यसको मतलब कामवासनामा पर्नु हुँदैन र सम्बन्ध बिच्छेद र पुनर्विवाह पनि गर्नु हुँदैन भनेर उहाँले भनिरहनुभएको थियो ।

उहाँका हरेक यहूदी श्रोताहरूले सभाघरमा पढेको सातौं आज्ञा सुनेका थिए (त्यो बेला कसैको आफ्नै व्यक्तिगत बाइबल थिएन), अनि तिनीहरूले तिनीहरूका शिक्षकहरू, शास्त्रीहरू र फरिसीहरूले व्याख्या गरेको सुनेका थिए साथै तिनीहरूको जीवनमा ती शिक्षकहरू, शास्त्रीहरू र फरिसीहरूले लागु गर्छन् , कि गर्दैनन् भनेर समेत अवलोकन गरेका थिए । फेरि पनि प्रभु येशूले अर्को कुरा भन्नु भयो, "तर म तिमीहरूलाई भन्दछु", तर उहाँले अर्कै नयाँ व्यवस्था चाँहि थप्न लाग्नु भएको थिएन । उहाँले त केवल परमेश्वरको के चाहना थियो भन्ने कुरा मात्र प्रकट गर्न लाग्नु भएको थियो ।

पहिलो दशौं आज्ञाद्धारा अभिलाषा (कामवासना) स्पष्टरूपमा निषेध गरिएको थियो अनि दशौं आज्ञाबिना जसले यस बारेमा सोँच्दथ्यो, त्यसले परमेश्वरले दोषी ठहराउने काम गर्ने कुरालाई इच्छा गर्नु भनेको गल्ती कार्य हो भनी महसुस गर्दथ्यो ।

दोस्रो, उत्पत्तिको सुरुकै अध्यायबाट परमेश्वरले विवाहलाई जीवनभरको समर्पणता हुनु पर्छ भनी स्पष्ट गरी दिनु भएको थियो । यसको अतिरिक्त, जसले यस बारेमा सोचँदथ्यो, त्यसले सम्बन्ध बिच्छेद र पुनर्विवाह चाँहि व्यभिचार जस्तै हो, विशेष गरेर जसले पुनर्विवाह गर्ने मनसाय राखेर सम्बन्ध बिच्छेद गर्दछ त्यो व्यभिचार जस्तै हो भनी निष्कर्षमा पुग्दथ्यो ।

तर फेरि पनि यस उपदेशमा यो कुरा स्पष्ट छ, कि प्रभु येशूले मानिसहरूलाई शरीरको अभिलाषाको सत्यताको बिषयमा र कुनै कारणले सम्बन्ध बिच्छेद गर्ने र पुनर्विवाह गर्ने सम्बन्धको सत्यताको बारेमा थाहा पाउन मात्र सहायता गरिरहनुभएको थियो । उहाँले "पुस्तकहरूमा" नपाईने खालको नयाँ व्यवस्था लाद्न खोजिरहनुभएको थिएन ।

मण्डलीमा थोरैले मात्र अक्षरशः रूपमा आँखा निकाल्ने वा हातहरू काट्ने सम्बन्धमा प्रभु येशूको वचनलाई लिएका हुन्छन् भन्ने कुरा चाख लाग्दो छ, यस्तो खालका बिचारहरू धर्मशास्त्रको धेरै ठाऊँमा पाइन्छन् र ती पदहरूले यौन परीक्षाहरूबाट बाँच्नको लागि स्पष्ट रूपमा बलियो गरी सहायता गरेका हुन्छन् । तरै पनि मण्डलीमा पुनर्विवाह गर्ने व्यक्तिले व्यभिचार गर्दछ भन्ने बारेमा प्रभु येशूले बोल्नु भएका वचनहरूलाई अक्षरश रूपमा व्याख्या गर्दा धर्मशास्त्रका अरु पदहरूसँग धेरै बाझेको पाइन्छ । प्रभु येशूका श्रोताहरूले सत्यताको सामना गर्न सकुन् भनेर र त्यहाँ कम सम्बन्ध बिच्छेद भएको होस् भन्ने आशा गर्दै लक्षित गरेर उहाँले त्यो भन्नु भएको थियो । यदि उहाँका अनुयायीहरूले उहाँले भन्नु भएको अभिलाषा सम्बन्धी कुरालाई मनमा लिएमा तिनीहरूको बीचमा अनैतिकता भन्ने कुरा नै हुने थिएन । यदि त्यहाँ अनैतिकता नहुनु हो भनेदेखि त्यहाँ सम्बन्ध बिच्छेदको उचित अवस्था तयार हुने थिएन र सुरुदेखि नै परमेश्वरले चाहना गर्नु भए झैँ त्यहाँ सम्बन्ध बिच्छेद नै हुने थिएन ।

## How Does a Man Make His Wife Commit Adultry
## एउटा मानिसले आफ्नी स्वास्नीलाई कसरी व्यभिचार गर्न व्याध्य बनाउँछ ?

प्रभु येशूले भन्नु भएको कुरालाई विचार गर्नुहोस् , "जसले आफ्नी पत्नीलाई व्यभिचारको कारण बाहेक अरु कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ ।" उहाँले पुनर्विवाहको बारेमा अर्को नयाँ व्यवस्था तेर्स्याउनुभएको थिएन, तर उचित कारणबिना एउटा मानिसले आफ्नी पत्नीसँग सम्बन्ध बिच्छेद गरेर पाप गर्दछ भनी प्रकट गर्नु भएको मात्र थियो भनेर विश्वास गर्नलाई यसले फेरि पनि हामीलाई अगुवाई गर्दछ । उसले त्यसलाई "व्यभिचारिणी तुल्याउँछ"। केही मानिसहरूले भन्दछन् , कि यसैले गर्दा नै प्रभु येशूले त्यसलाई पुनर्विवाह गर्न निषेध गर्नु भएको हो, किनभने उहाँले त्यस्तो कुरालाई व्यभिचार गरेको हो भनेर भन्नु हुन्छ । तर त्यो चाँहि कुरा व्यर्थ हो । तर जोड्दिइएको कुरा चाँहि मानिसले सम्बन्ध बिच्छेद गर्दाखेरि गर्ने पापको बारेमा हो । उसले जे गर्छ त्यसको कारण, त्यसकी पत्नीले पुनर्विवाह गर्नुदेखि बाहेक अर्को कुनै बिकल्प हुँदैन । त्यसको पतिको स्वार्थीपनको कारण त्यसले भोगेको कष्टले गर्दा त्यसको पक्षमा त्यो पाप होइन । परमेश्वरको दृष्टिमा मानिसले आफ्नी पत्नीलाई त्याग गरेकोले पुनर्विवाहदेखि बाहेक त्यसमा कुनै बिकल्प नै नभएको हुँदा यो कुरा त त्यो व्यक्तिले आफ्नी स्वास्नीलाई जबर्जस्ती अर्कै परपुरुषको ओछ्यानमा जान जबर्जस्ती गरेको जस्तो हो । त्यसैले, जसले त्यो व्यक्तिले व्यभिचार गरेको छैन भनेर सोच्दँदछ भने उ आफै र उसकी पत्नीको दोहोरो व्यभिचारको लागि दोषी ठहरिन्छ ।

पीडित अवस्थामा भएकी पत्नी व्यभिचारको दोषी हुन्छे भनेर प्रभु येशूले नभन्नु भएको हुन सक्छ, जसरी त्यो सम्पूर्ण तवरले अन्याय नै ठहरिन्छ, र वास्तवमा यदि त्यो पीडित अवस्थामा भएकी पत्नीले फेरि कहिले विवाह गरिन भने त्यो अर्थबिहिन हुनेछ । त्यसले पुनर्विवाह नगरुन्जेलसम्म कसरी परमेश्वरले त्यसलाई व्यभिचारिणी भन्न सक्नु हुन्छ ? जे भए तापनि त्यो कुराको कुनै औचित्य नै हुँदैन । यसरी परमेश्वरले त्यस मानिसलाई उसको आफ्नै व्यभिचारको लागि र उसकी पत्नीको "व्यभिचार" को दोषी ठहराइरहनु भएको छ, जुन चाँहि त्यस पत्नीको लागि साँच्चै कुनै व्यभिचार नै होइन । त्यसैले त्यसको लागि पुनर्विवाह गर्नु उचित छ ।

अनि प्रभु येशूले भन्नु भएको अर्को वाक्य "जसले त्यस त्याग गरेकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ" को बारेमा चाँहि के भन्ने त ? यसको लागि कुनै अर्थ दिने त्यहाँ दुईवटा सम्भावनाहरू छन् । कि त अहिले प्रभु येशूले त्यो मानिसको व्यभिचारको तेस्रो गणना थपिरहनुभएको थियो, जसले आफूलाई कहिले व्यभिचार गरेको छुइन भनेर विचार गरेको हुन्छ - उहाँले दोस्रो गणना थप्नु भएभैँ त्यस्तै कारणको लागि) वा प्रभु येशूले त्यो मानिसको बारेमा भन्दै हुनु हुन्थ्यो, जसले कुनै स्त्रीलाई आफ्नो लोग्नेसँग सम्बन्ध बिच्छेद गर्न लगाएर आफूसँग विवाह गर्न उत्साह दिइरहेको थियो, त्यसो गर्दा "व्यभिचार गरेको" ठहरिन्दैनथ्यो भनेर उसले विचार गरेको थियो । यदि प्रभु येशूले पृथ्वीमा भएका जोसुकै मानिसले सम्बन्ध बिच्छेद भएकी स्त्रीसँग विवाह गर्छ भने त्यसले व्यभिचार गर्नेछ भनेर भनिरहनुभएको भए, अगिल्ला सयौं वर्षहरूमा हरेक इस्राएलीहरूले व्यभिचार गरेका थिए, जसले सम्पूर्ण तवरले मोशाको व्यवस्थालाई पालन गर्ने निहुँमा सम्बन्ध बिच्छेद भएका स्त्रीहरूसँग विवाह गरेका थिए । वास्तवमा त्यो दिन प्रभु येशूका श्रोताहरूमध्ये हरेक मानिसले मोशाको व्यवस्थाअनुसार भर्खरै मात्र सम्बन्ध बिच्छेद भएकी स्त्रीसँग विवाह गरेका थिए र तिनीहरू आफूले भर्खरै गरेको कार्यप्र ति अचानक दोषी भएका थिए र त्यो समयमा प्रभु येशूले परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्नु भएको हुनसक्थ्यो । यसको अतिरिक्त, भविष्यमा सम्बन्ध बिच्छेद भएको व्यक्तिसँग विवाह

गर्ने हरेक व्यक्तिले पावलले कोरिन्थीहरूलाई लेखेको पत्रमा भएका वचनहरूलाई विचार गर्दा त्यो पाप होइन रहेछ भनी त्यसले विश्वास गरेर वास्तवमै पाप गरिरहेको थियो र व्यभिचार गरिरहेको थियो ।

बाइबलको पुरै मर्मले मलाई त्यो मानिसप्रति श्रदा गर्न अगुवाई गर्दछ, जसले सम्बन्ध बिच्छेद भएको स्त्रीसँग विवाह गरेको छ । यदि त्यो स्त्री आफ्नो पहिलेको लोग्नेको स्वार्थीपनको शिकार भएर दोषरहित छिन् भने त झन् त्यो व्यक्तिलाई विधवाको हेरविचार गर्ने व्यक्तिलाई जस्तै म धेरै श्रदा गर्दछु । यदि त्यो स्त्रीमा उसको पहिलेको सम्बन्ध बिच्छेदमा कुनै दोष भए, म उसलाई त्यस स्त्रीप्रतिको असल चाहना भएको, खीष्टलाई विश्वास गरी खीष्ट जस्तै हुन खोजेकोमा र पूरानो कुरालाई बिर्सिदिएर त्यसप्रति जिम्मेवारी लिँदै दया गरेकोमा श्रदा गर्दछु । बाइबल पढने र पवित्र आत्माले बास गरेको सबै व्यक्तिलाई सम्बन्ध बिच्छेद गर्न र दोस्रो विवाह गर्न प्रभु येशूले निषेध गरेको छ भनी निष्कर्ष निकाल्दछ ? कसरी यस्तो प्रकारको विचार परमेश्वरको न्यायीकतामा मिल्दो हुन्छ, जुन न्यायीकताले आफ्नो कुनै पनि गल्ती नभई सम्बन्ध बिच्छेदको शिकार हुनु परेकी स्त्री जस्तो कुनै पनि पीडित व्यक्तिलाई कहिले सजाय दिँदैन ? क्षमादान प्रदान गर्ने र पश्चाताप गर्ने पापीलाई फेरि पनि मौका दिने सुसमाचारको सन्देशसँग यस्तो प्रकारको विचार कसरी मिल्दो हुनसक्छ ?

## In Summary
## साराशंमा

बाइबलले स्पष्ट रूपमा भन्दछ, कि सम्बन्ध बिच्छेदमा सँधै एक पक्षको पाप समावेश भएको हुन्छ । कसैले सम्बन्ध बिच्छेद गरेको होस् भन्ने परमेश्वरले कहिले मनसाय लिनु भएको छैन, तर अनैतिकताको कार्य भएको बेला सम्बन्ध बिच्छेदको लागि उहाँले करुणामयी भएर प्र बन्ध मात्र गरी दिनु भएको हो । उहाँले सम्बन्ध बिच्छेद भएकाहरूका लागि पुनर्विवाहको पनि करुणामयी भएर प्रबन्ध गरी दिनु भएको छ ।

यदि पुनर्विवाहको बारेमा यी प्रभु येशूका वचनहरू नभएको भए, बाइबल पढने कुनै व्यक्तिले पनि पुनर्विवाह पाप हो भनेर कहिले सोँच्ने थिएन (पूरानो र नयाँ करारमा भएका कुनै –कुनै मुद्धाहरू बाहेक, बिशेष गरेर खीष्टियन भएर खीष्टियनबाटै सम्बन्ध बिच्छेद गरी सकेकपछि पुनर्विवाहको सम्बन्धमा) । तथापि बाइबलका अरु भागहरूले पुनर्विवाहको बारेमा जे सिकाउँछन् ती कुराहरूसँग प्रभु येशूले भन्नु भएका कुराहरूलाई समतुल्य पार्नको लागि हामीले तार्किक उपाय भेटेकाछौं । प्रभु येशूले कडा व्यवस्था ल्याएर परमेश्वरको पुनर्विवाह सम्बन्धीको व्यवस्थालाई रद्ध गरिरहनुभएको थिएन, जसले हरेक मुद्धामा भएका सारा पुनर्विवाहलाई निषेध गर्दछ र उहाँले ती मानिसहरूको लागि असम्भव व्यवस्थालाई पनि लाद्न खोज्नु भएको थिएन जसले पहिले नै सम्बन्ध बिच्छेद गरेर आज्ञा पालन गर्नको लागि पुनर्विवाह गरेका थिए (अण्डाहरूलाई सुल्झाउन प्रयत्न गरेझैँ), अनि उहाँले तिनीहरूलाई भ्रममा पारेर परमेश्वरको अर्को पनि व्यवस्थालाई भङ्ग गर्ने खालको व्यवस्थाको सृजना पनि गर्नु भएको थिएन । बरु, उहाँले मानिसहरूलाई तिनीहरूको पाखण्डीपनलाई देख्न सहायता गर्दै हुनु हुन्थ्यो । उहाँले ती मानिसहरूलाई तिनीहरूले अर्को तरिकाले कामवासनाले जल्दै र सम्बन्ध बिच्छेदप्रति तिनीहरूको

उद्धारवादी प्रवृतिद्धारा व्यभिचार गरिरहेका थिए भनेर देख्नको लागि सहायता गरिरहनुभएको थियो, जसले आफूलाई कहिले पनि व्यभिचार गरेको छैन भनी विश्वास गर्दथे ।

जसरी सम्पूर्ण बाइबलले पश्चाताप गर्ने पापीहरूलाई तिनीहरूको पापको वास्ता नगरेर क्षमादान प्रदान गरिएको छ भनेर सिकाउँछ, त्यसरी नै सम्बन्ध बिच्छेद गरेका मानिसहरूलाई समेत पापीहरूलाई दोस्रो र तेस्रो मौकाहरू पनि दिइएको छ भनी सिकाउँदछ । साँचो विश्वासीहरूले अनैतिक काम नगर्ने र तिनीहरूलाई सम्बन्ध बिच्छेद गर्नु पर्ने कुनै पनि कारण नहुने भएकोले एउटा विश्वासीले अर्को आफ्नो दम्पती विश्वासीसँग सम्बन्ध बिच्छेद गर्ने कुरादेखि बाहेक नयाँ करारको अधीनमा रहेर गरिएको कुनै पनि पुनर्विवाहमा पाप हुँदैन । त्यस्तो प्रकारको कुनै–कुनै घटनामा तिनीहरूले सम्बन्ध बिच्छेद नै गर्छन् भने पनि तिनीहरू विवाह नगरी एक्लै बस्नु पर्दछ वा तिनीहरू एक–अर्कामा मिलिरहनु पर्दछ ।